news 24 दैनिक

वर्ष १३ अंक ०१ राष्ट्रिय दैनिक | २० साउन २०८२, मंगलबार साउन शुक्ल एकादशी | नेपाल संवत् ११४५ | Tuesday 5 August 2025 | www.news24dainik.com | पृष्ठ ८+४ | मूल्य १० रुपैयाँ

## प्रकाशकीय



न्यूज 24 दैनिक आजदेखि पाठकमाझ प्रस्तुत भएको छ। हामीले आजको दिन न्यूज 24 मिडिया ग्रुपका लागि मात्र होइन, समग्र नेपाली सञ्चार क्षेत्रका लागि विशेष क्षणका रूपमा लिएका छौं। सत्य, तथ्य, निष्पक्ष र जनताको पक्षमा पत्रकारिता गर्ने दृढ संकल्पका साथ हामीले यो पत्रिका पाठकमाझ ल्याएका हौं। हामी सधैं जनताको आवाज बन्न प्रतिबद्ध छौं।

न्यूज 24 टेलिभिजनको सफलतापछि हामीले छापा माध्यमलाई समेत प्राथमिकतामा राख्दै आजबाट न्यूज 24 राष्ट्रिय दैनिक पत्रिका प्रकाशनमा ल्याएका हौं। स्थापनाको १६औं वर्षको यात्रामा रहेको न्यूज 24 टेलिभिजनले अभ्यास गर्दै आएको नेपाली खबर माध्यमको फरक पत्रकारितालाई छापा माध्यममा पनि कायम राख्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं।

जिम्मेवार समाचार, समसामयिक विश्लेषण र जनपक्षीय दृष्टिकोणसहित अब हामी प्रत्येक दिन हरेक बिहान तपाईंको ढोका ढकढक्याउनेछौं। प्रविधिको तीव्र विकासले सहजै समाचारमाथिको पहुँच बन्दै गए पनि छापा माध्यममार्फत हामी अगाडि आएका हौं। यसको अर्थ तत्कालको सूचना मात्र होइन समाचार भरपर्दो र संग्रहणीय पनि बन्ने हाम्रो धारणा हो। यो यात्रामा तपाईं पाठकको विश्वास, सुझाव र आलोचना नै हाम्रालागि ऊर्जा हुनेछ। यसको भविष्य सुनिश्चित गर्नका लागि सम्पूर्ण पाठक, विज्ञापनदाता र शुभचिन्तकहरूको साथ पाउने आशा राखेका छौं।

**अनिल जोशी**
*अध्यक्ष, न्यूज 24 दैनिक*

### लैंगिक समानतासहित बहुविवाह कानून संशोधन हुँदै

# विवाहितले छोडपत्र नगरी दोस्रो बिहे गर्न नपाउने

**भाषा शर्मा**
**काठमाडौं, साउन १९**

सरकारले विवाहित महिलाले पनि औपचारिक रुपमा सम्बन्धविच्छेद नगरी दोस्रो विवाह गर्न नपाउनेगरी कानुन संशोधन गर्ने प्रक्रिया अघि बढाएको छ। विद्यमान कानुनमा महिलाले पहिलो पतिसँग सम्बन्धविच्छेद नगरी दोस्रो विवाह गर्दा कुनै समस्या थिएन।

केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा हल्ला भएजस्तो पुरुषले बहुविवाह गर्न पाउनेगरी कानुनी परिवर्तन हुन लागेको भने होइन। बरु अब कसैले ढाँटेर दोस्रो विवाह गरेको रहेछ भने झुक्याउनेले क्षतिपूर्ति दिने व्यवस्था प्रस्ताव गरिएको छ। त्यसमा महिला होस् वा पुरुष होस् जसले झुक्याउँछ उसले क्षतिपूर्ति भर्नुपर्ने हुन्छ। 'बहुविवाह गर्न पाउनेगरी कानुन परिवर्तनको व्यवस्था भएको पनि छैन। बहुविवाहलाई सजायबाट उन्मुक्ति दिएको पनि छैन। बहुविवाह बदर हुने अन्त्य गरिएको पनि छैन,' महान्यायाधिवक्ता रमेश बडालले भने।

कानूनमा भएको 'विवाहित पुरुष' भन्ने ठाउँमा 'विवाहित व्यक्ति' राख्न प्रस्ताव गरिएको छ। जुन शब्दले महिला र पुरुष चिन्दैन। दुवैले दोस्रो विवाह गर्न पाउँदैनन्। यदि गरेमा स्वतः बदर हुने हालकै व्यवस्था कायम राखिएको छ।

कानून संशोधनका लागि बनाइएको संशोधन विधेयकको मस्यौदा छलफलको लामो प्रक्रियामै छ। यदि संशोधन विधेयक मस्यौदाको व्यवस्था



- बहुविवाह गर्न पाउने गरी कानुन परिवर्तन हुने होइन
- कानुन लैंगिक दृष्टिकोणले समान बनाइँदै
- झुक्याएर विवाह गरेमा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था
- बालबालिकाको अधिकारको संरक्षण प्राथमिकतामा
- कानुन सुधारको प्रक्रिया अझै खुला र सुझावमैत्री

अनुसारै संघीय संसदबाट पारित भएमा 'विवाहित व्यक्तिले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन' भन्ने कायम रहनेछ। यदि भएमा विवाह स्वतः बदर हुनेछ भन्ने कानून कायमै रहनेछ। 'विवाहितले गरेको विवाह गरेमा बदर भएपछि अर्को विवाह गरी आउने महिला वा पुरुषको स्थिति विवाहित पूर्वको अवस्था कायम हुनेछ,' संशोधन विधेयकको मस्यौदामा भनिएको छ, 'तर, झुक्याइ वा ढाँटी विवाह गरेको ठहरेमा अदालतले त्यस्तो व्यक्तिलाई झुक्याउने व्यक्तिबाट मनासिब क्षतिपूर्तिसमेत भराइदिनुपर्नेछ' भन्ने शब्दहरु थपिएका छन्। मुलुकी अपराध संहिता २०७४ लाई संशोधन गर्न बनेको विधेयक मस्यौदामा यस्तो व्यवस्था गरिएको छ। यो नै अन्तिम भने होइन।

'पुरुषले बहुविवाह गर्न पाउने कानुन आउँदै' भन्ने हालै सञ्चारमाध्यममा आएको समाचारले सार्वजनिक बहस सिर्जना गरेको छ। तर, बाहिर आएको हल्लाजस्तो गरी कानून संशोधन नहुने कानूनमन्त्रीले सार्वजनिक रुपमै बताइसकेका छन्।

मुलुकी अपराध संहिता २०१४ को दफा १७५ मा 'बहुविवाह गर्न नहुने' व्यवस्था छ। वहुविवाह सम्बन्धी कानूनले समाजमा व्यवहारिक समस्या भएको भन्दै २०८० सालमा तत्कालीन महान्यायाधिवक्ताको नेतृत्वमा एउटा अध्ययन समिति बनाइएको थियो। अध्ययनपछि महान्यायाधिवक्ता कार्यालयले व्यवहारिक रुपमा कानूनी समस्या आएको भन्दै संशोधनको लागि सरकारलाई सुझाव प्रतिवेदन दिएको थियो।

त्यसै सुझावअनुसार कानूनका केही दफा परिवर्तनका लागि संशोधन मस्यौदा तयार गरिएको हो।

बाँकी पृष्ठ २ मा...

## प्रसाईं थुनामुक्त

news 24
**काठमाडौं, साउन १९**



नेपाल फोटो लाइब्रेरी

मेडिकल व्यवसायी दुर्गा प्रसाईं सोमबार थुनामुक्त भएका छन्। उनलाई निर्दोष भन्न नमिल्ने भन्दै उच्च अदालत पाटनले बैंकिङ कसुर मुद्दामा २५ लाख रुपैयाँ धरौटी र काठमाडौं जिल्ला अदालतको थुनामा राख्ने आदेशविरुद्धको निवेदनमा ३ लाख रुपैयाँ गरी जम्मा २८ लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न सोमबार आदेश गरेको थियो। आदेशलगत्तै धरौटी रकम नगद बुझाएर उनी छुटेका हुन्।

न्यायाधीशहरु सुदर्शनदेव भट्ट र मुनेन्द्रप्रसाद अवस्थीको वाणिज्य इजलासले नगद २५ लाख रुपैयाँ धरौटी वा बैंक जमानतमा थुनामुक्त गर्न आदेश गरेको हो। यो बैंकिङ कसुरको मुद्दामा भएको आदेश हो।

त्यसैगरी जिल्ला अदालतले प्रसाईंलगायतलाई थुनामा राख्ने आदेशविरुद्ध उच्च अदालतमा निवेदन दर्ता गरिएको थियो। गत जेठ २९ मा काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न गरेको आदेश उच्च अदालतले बदर गरेको छ। न्यायाधीशहरु टंकप्रसाद गुरुङ र डिल्लीरत्न श्रेष्ठको इजलासले प्रसाईंलाई छुट्टै तीन लाख रुपैयाँ धरौटी माग गर्दै थुनामुक्त गर्न छुट्टै अर्को आदेश गरेको हो। 'आपराधिक उपद्रवको घटनामा निजको

**'आपराधिक उपद्रवको घटनामा निजको उपस्थिति र निजले प्रत्यक्ष रुपमा कार्य गराउन लगाए, अह्राएको भन्ने विश्वासयोग्य प्रमाण पेस हुन सकेको देखिँदैन,' अदालतको आदेशमा भनिएको छ**

उपस्थिति र निजले प्रत्यक्ष रुपमा कार्य गराउन लगाए, अह्राएको भन्ने विश्वासयोग्य प्रमाण पेस हुन सकेको देखिँदैन,' सोमबारको आदेशमा भनिएको छ,

'कार्यक्रमको सिलसिलामा व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति क्षति भएको तथ्य, निज क्यान्सर पीडित रहेको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएको तथा समानताको सिद्धान्तलाई विचार गरी प्रसाईंलाई ३ लाख रुपैयाँ धरौटी लिन यो आदेश गर्दिएको छ।' बाँकी पृष्ठ २ मा...

## प्रधानमन्त्री ओली तुर्कमेनिस्तानमा

काठमाडौं (संवाददाता) प्रधानमन्त्री केपी शर्मा ओली भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडीसी)को तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनमा सहभागिताका लागि सोमबार तुर्कमेनिस्तान पुगेका छन्।

स्थानीय समय अनुसार दिउँसो १४.३० बजे दुबई अन्तर्राष्ट्रिय विमानस्थल हुँदै ओली नेतृत्वको नेपाली टोली तुर्कमेनिस्तानको आवाजा सहर पुगेको हो। टोलीलाई तुर्कमेनिस्तानबासी अन्तर्राष्ट्रिय विमानस्थलमा तुर्कमेनिस्तान सरकारका उपाध्यक्ष होजाम्यारात जेल्डिम्यारादोभ, संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, न्युयोर्कका आवासीय प्रतिनिधि लोकबहादुर थापा लगायतले स्वागत गरेका छन्।

अवाजामा सम्मेलन मंगलबारदेखि चार दिनसम्म चल्नेछ। तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेरदिमुहामेदोभ र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली त्यहाँ पुगेका हुन्।

### यो अंकमा



**नेपाली राजनीतिका यक्ष प्रश्नहरू**
गणतन्त्रको अर्थ राजसंस्थाको अन्त्य मात्र होइन समानता, स्वतन्त्रता र नागरिक सर्वोच्चताको मूल्यमा आधारित शासन प्रणाली हो।
*खिमलाल देवकोटाको विचार (पृष्ठ ४ मा)*

**हल्लाकै भरमा सांसदले उठाए बहुविवाहमाथि प्रश्न** ........ पृष्ठ २
**माओवादीको बैठकमा २६ बुँदे राजनीतिक प्रस्ताव पारित** ........ पृष्ठ ३
**हसिनाको दरबार संग्रहालय बन्दै** ........ पृष्ठ ५
**बुढीगण्डकीमा जुट्यो लगानी** ........ पृष्ठ ९

## कक्षा १२ को रिजल्ट आयो



नतिजा सार्वजनिक गर्दै राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा। *तस्विर : नेपाल फोटो लाइब्रेरी*

news 24
**काठमाडौं, साउन १९**

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरेको छ। बोर्डले सोमबार बेलुका बसेको बैठकपछि पत्रकार सम्मेलन गर्दै नतिजा सार्वजनिक गरेको हो। यस वर्षको परीक्षामा अघिल्लो वर्षभन्दा उल्लेखनीय सुधार देखिएको छ। कुल ६१.१७ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्, जुन अघिल्लो वर्षको ५२.९१ प्रतिशतभन्दा करिब ९ प्रतिशत बढी हो।

परीक्षा नियन्त्रण कार्यालयका अनुसार नियमिततर्फ ३ लाख ९६ हजार ३ सय ४७ (३९६३४७) जना विद्यार्थी सहभागी भए भने आंशिकतर्फ १ लाख १४ हजार ६ सय ४० (११४६४०) जनाले परीक्षा दिएका थिए। तीमध्ये नियमिततर्फ २ लाख ४२ हजार ४ सय ६५ (२४२४६५) जना र आंशिकतर्फ ४१ हजार ८ सय ४० (४१८४०) जना विद्यार्थी ग्रेडेड भएका छन्। यसले गर्दा कुल २ लाख ८४ हजार ३ सय ५ (२८४३०५) विद्यार्थीले ग्रेड प्राप्त गरेका छन्।

यस वर्ष परीक्षा निर्धारित मितिभन्दा १० दिन ढिलो गरी सञ्चालन भएको थियो। वैशाख ११ देखि परीक्षा सञ्चालन हुने तयारी थियो। तर शिक्षक आन्दोलनका कारण परीक्षा वैशाख २१ बाट सुरु भएर जेठ २ गतेसम्म सञ्चालन भएको थियो। आन्दोलनको कारणले परीक्षा ढिला हुन पुगेको भए पनि बोर्डले नतिजा भने अपेक्षित समयमै प्रकाशित गरेको छ। बाँकी पृष्ठ ३ मा...

**६१.१७ प्रतिशत विद्यार्थी ग्रेडेड पोहोरभन्दा करिब ९ प्रतिशत बढी**

**परीक्षार्थी संख्या :**
- **नियमित** : ३,९६,३४७
- **आंशिक** : ११,४,६४०

**ग्रेडेड संख्या :**
- **नियमिततर्फ** : २४२,४६५
- **आंशिकतर्फ** : ४१,८४०

**कुल ग्रेडेड :**
- २,८४,३०५




## कुलिङ पिरियडमा सांसद विभाजित

news 24
**काठमाडौं, साउन १९**

निजामती कर्मचारीका लागि बनाइएको विधेयकमा 'कुलिङ पिरियड' (अवकाशपछिको समय) मा गरिएको गडबडी अध्ययनका लागि बनाइएको संसदीय विशेष छानबिन समितिमै दलीय मत बाँडिदा सोमबारको सभामा प्रतिवेदन पेस हुन सकेन। सत्तारुढ दल कांग्रेस र एमालेका सांसदहरूबीच मतभेद हुँदा समयमै प्रतिवेदन बुझाउन सकेनन्।

संघीय संसदका महासचिवसहितका कर्मचारी जोगाउनेमा एमालेका सांसदहरू र प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडालाई जोगाउने भन्नेमा कांग्रेस सांसद बाँडिदा प्रतिवेदन तयार हुन नसकेको हो। सोमबार बेलुकीसम्म दुई छुट्टै प्रतिवेदन बुझाउने वा एउटै प्रतिवेदन बनाउने भन्ने विषयमा अलमलमै रहेको समितिका एक सदस्यले बताएका छन्।

- गडबडी छानबिनका लागि गठित समिति स्वयं दलीय मतभेदमा
- कांग्रेसले राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा र एमाले मुख्यसचिव र महासचिवलाई जोगाउने पक्षमा

स्रोतका अनुसार विधेयकमा गम्भीर त्रुटि गरिएको विषयमा भने सबैको एकमत छ। कुलिङ पिरियडमा गरिएको परिवर्तन त्रुटि नै मानेका छन्। र, भविष्यमा कसरी सावधानी अपनाउने भन्ने विषयमा समितिका सदस्य एकमतमा छन्। त्रुटिमा जिम्मेवार व्यक्तिलाई कार्वाही गर्ने नगर्ने भन्नेमा निक्यौंल निकाल्दै प्रतिवेदन तयार गरिने बताइएको छ। विशेष छानबिन समितिमा रहेका रास्वपा र राप्रपाका सांसद राज्य व्यवस्था सभापति खतिवडा, संघीय संसदका महासचिव पद्मप्रसाद पाण्डेय, मुख्यसचिव एकनारायण अर्याललाई पनि नैतिक रूपमा जिम्मेवार बनाउनुपर्ने अडानमा छन्।

समितिका सबै सदस्यको कमजोरी भएकाले जिम्मेवार हुनुपर्ने कांग्रेस सांसदहरूको राय छ। यता, मुख्यसचिव र संसदका महासचिवलाई नछुने भन्नेमा एमालेको अडान छ।

बाँकी पृष्ठ ७ मा...

# राष्ट्रपति पौडेल सम्पदा क्षेत्रमा



काठमाडौं (संवाददाता)- राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार काठमाडौंको विश्वसम्पदा सूचीमा सूचीकृत वसन्तपुर क्षेत्रमा रहेका क्षेत्रको अवलोकन गरेका छन्। उनले हनुमानढोका दरबार संग्रहालय पनि अवलोकन गरेका छन्।

उनलाई दरबार स्क्वायर क्षेत्रमा पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयका सचिव हरिप्रसाद मैनाली, पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानांग, हनुमानढोका दरबार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक काजीमान प्याकुरेल लगायतले स्वागत गरेका थिए। राष्ट्रपति पौडेलले हनुमानढोका दरबार स्क्वायरमा रहेका कालभैरव, तलेजु मन्दिर, नौ तले दरबार, नासल चोक, मुलचोक, त्रिशूलचोक लगायतका स्थानको अवलोकन गरेका थिए। त्यस क्रममा प्रतिनिधिसभा सदस्य सपना राजभण्डारी, प्रदेशसभा सदस्य शैलेन्द्र बज्राचार्य काठमाडौं महानगरपालिकाका विभिन्न वडाका वडाध्यक्षहरू लगायतको उपस्थिति थियो।

# हल्लाकै भरमा सांसदले उठाए प्रश्न

news 24

**काठमाडौं, साउन १९**

सोमबारको प्रतिनिधिसभाको वैठक प्रतिपक्षमारहेकाराष्ट्रिय स्वतन्त्र पार्टीराष्ट्रिय प्रजातन्त्र पार्टीको असहयोगर विरोधका बाबजुद पनि बैठक बसेको छ।

प्रतिनिधिसभाको बैठकमा सांसदहरूले बहुविवाहलाई मान्यता दिनेगरी कानून बन्न लागेको भन्दै सुनेकैर सञ्चारमाध्यम, सामाजिक सञ्जालमा आएका कुरालाई आधार मान्दै हल्लाकै भरमा सरकारको जवाफ माग गरे। बैठकको आकस्मिक समयमा सांसदहरूले बहुविवाहसम्बन्धी व्यवस्था संशोधन विधेयकको मस्यौदालाई लिएर बोलेका थिए। मस्यौदा विधेयक मन्त्रिपरिषद्सम्म पुगेको छ।

जुन विधेयक संसदबाट पारित हुनुपर्छ। सांसदहरूबीच गम्भीर छलफल गरेरै विधेयक स्वीकृत गर्नुपर्छ। तर, विधेयकको संशोधित मस्यौदासमेत नहेरी सांसदहरूले प्रश्न उठाएका थिए। सार्वजनिक चर्चार सञ्चारमाध्यममा आएका समाचारकै आधारमा सांसदहरूले आपत्ति जनाएका थिए।

सांसद सुनीता बरालले बहुविवाह गैरकानूनी भएकोर यसलाई मान्यता दिने कुनै पनि प्रयासलाई अस्वीकार्य भएको बताइन्। उनले कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई स्पष्ट जवाफ मागेकी थिइन। 'समाजमा महिलाहिंसाको दर उच्च छ। यस्तो संवेदनशील विषयमा कानून निर्माणको प्रक्रिया गम्भीरर जिम्मेवार ढंगले हुनुपर्छ,' उनले भनिन्।

सांसद रूपा सोशी चौधरीले पनि विषयको सत्यताका बारेमा प्रश्न उठाइन्। 'महिलाहरू आज पनि आफ्नो अधिकारका लागि संघर्षरत छन्। बहुविवाहलाई वैधानिकता दिने विषय आउनु गम्भीर विषय हो।'

सांसदरमा कोइराला पौडेलले पनि बहुविवाहसम्बन्धी विधेयकको मस्यौदा संसदमा नआउँदै सञ्चारमाध्यमर सामाजिक सञ्जालमा चर्चा हुनु चिन्ताको विषय भएको बताइन्। उनले मन्त्रालयका सचिवले नै भनेको कुरालाई संवेदनशीलतामा ध्यान दिनुपर्ने बताइन्।

**तराई र किसानका समस्या**

प्रतिनिधिसभाको वैठकमा तराई मधेश क्षेत्र जसलाई विपद संकटग्रस्त क्षेत्र घोषणा गरिएकोबारे पनि विषय उठान गरेका छन्। कृषकका समस्यालाई पनि प्रमुख रूपमा उठाएका थिए।

सांसदरामप्रकाश चौधरीले तराई-मधेश क्षेत्रलाई विपद् संकटग्रस्त घोषणा गरिए पनि किसानहरूलेराहत महसुस नगरेको बताए। 'सिँचाइ अभाव, पुराना डीप ट्युबवेल बिग्रिएर काम नलाग्ने हुनु, सिँचाइका लागि पर्याप्त विद्युत् पूर्वाधार अभाव, मलखाद अभावजस्ता समस्याले किसान बिचल्लीमा छन्,' उनले भने।

भिजिट भिसामा उच्चस्तरीय छानबिन समितिको मागसहित आन्दोलन जारीरहेकोरास्वपाका सांसद असीम साहले आफ्ना कुराराखेका थिए। त्यसपछिरास्वपाका सांसदहरू संसद बैठकबाट बाहिरिएका थिए।राप्रपा सांसद ध्रुवबहादुर प्रधानले सरकारमारहेका मन्त्रीहरू नै एकपछि अर्को गरी भ्रष्टाचार तथा आर्थिक अनियमिततामा मुछिनु गम्भीर विषयरहेको बताएका थिए।

साथसाथै संवैधानिक परिषद (काम, कर्तव्य, अधिकारर कार्यविधि) सम्बन्धी पहिलो संशोधन २०७९ को सम्बन्धमाराष्ट्रपतिको सन्देश संघीय संसदमा जानकारी गराइएको थियो। युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीले 'राष्ट्रिय खेलकूद विकास (पहिलो संशोधन) विधेयक २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। खेलकुद विधेयकमाथि सांसदहरूले छलफल गरेका थिए।

## विवाहितले छोडपत्र...

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय यो मस्यौदा तयार पारेको हो। संशोधन विधेयकको मस्यौदा मन्त्रिपरिषदमा स्वीकृतिका लागि पठाइएको छ। स्वीकृति दिएपछि संघीय संसदमा पेस गरी छलफलमा अघि बढ्नेछ। कानुन मन्त्रालय गत वैशाखमै यो संशोधन विधेयकमा सुझाव मागेको थियो। तर, त्यसबेला खासै चर्चा भएन।

**के थियो र के संशोधन हुँदैछ ?**

बहुविवाह गरेमा स्वतः बदर हुने हालको कानूनी व्यवस्था छँदैछ। जुन परिवर्तन हुनेछैन। हाल मन्त्रिपरिषद्मा रहेको संशोधन विधेयक जस्ताको तस्तै संघीय संसदमा पेस भएमा पनि छलफल र बहसका थुप्रै चरणमा प्रवेश गर्नेछन्। प्रतिनिधिसभा, राष्ट्रिय सभा, संसदीय समितिमा छलफलपछि मात्रै कानून संशोधनले अन्तिम रुप पाउनेछ।

संशोधन विधेयकको मस्यौदामा अब विवाहित महिला-पुरुष दुवैले सम्बन्धविच्छेद नगरेसम्म अर्को विवाह गर्न नपाउनेगरी कानून संशोधनको प्रस्ताव गरिएको हो।

महिलालाई पनि बहुविवाहको मुद्दा लाग्नेगरी संशोधन विधेयकमा मस्यौदामा उल्लेख गरिएको छ। साथसाथै विवाहित महिला पुरुष कसैले पनि झुक्याएर कसैलाई विवाह गर्न पाइने छैन। एकजना विवाहित हुँदाहुँदै अर्कोबाट जन्मेका बालबालिकाका हकमा भने कानूनलाई खुकुलो पार्न खोजिएको छ।

'बच्चाको अधिकार सुरक्षित गर्नका लागि व्यवस्था गर्न खोजिएको छ। तर, त्यसैलाई लिएर बहुविवाह गर्न पाउनेगरी गलत व्याख्या भएको पाइएको' महान्यायाधिवक्ता बडाल भन्छन्। बच्चाको सुरक्षाका लागि कानूनमा व्यवस्था गर्न खोजिएकाले त्यसलाई अन्य शब्द वा भाषाले सम्बोधन गर्न सकिएमा परिवर्तन गर्न सकिने ठाउँ रहेको उनको तर्क छ।

महान्यायाधिवक्ता बडालका अनुसार संशोधनको कुरा अझै धेरै चरणको छलफल हुन बाँकी छ। कथंकदाचित गल्ती भएको रहेछ भने सुधार गर्ने ठाउँ प्रशस्त छन्। कानूनमा सुधार गर्दा भावनामा बगेर होइन, यथार्थताको आधारमा गरिनुपर्ने बताए। कानूनमा पुरुष केन्द्रीत रहेका उपदफा झिकिएको छ। 'दोस्रो विवाहको सजाय हुन्छ। सजाय यथावत छ। कुनै परिवर्तन भएको छैन,' उनले भने।

मुख्य कुरा भनेको 'अब लैंगिक रुपमा महिला-पुरुष भन्ने होइन। विवाहित जो कोहीले पनि सम्बन्ध विच्छेद नगरी दोस्रो विवाह गर्न नपाउनेगरी कानून संशोधनको प्रस्ताव गरिएको हो।' महिलापुरुष दुवैविरुद्ध बहुविवाह लाग्नेगरी कानुन संशोधन हुन लागेको' उनले प्रष्ट्याए।

बच्चाको हकमा त्यस्तो रहेछ भने स्वतः विवाह बदर हुँदैन भनिएको हो। बच्चाको हकमा अर्को कुनै भाषा राखेर हुन्छ भने पनि त्यो बाँकी नै छ। यदि झुक्यानमा परेर विवाह गर्नेको संरक्षण मात्रै प्रस्ताव गरिएको छ। सुझाव दिन पाइने ठाउँ अझै छ। गत वैशाख ७ गते कानून मन्त्रालयले मस्यौदामा सार्वजनिक रुपमै सुझाव मागेको थियो। नेपाल बार एशोसिएसन, महान्यायाधिवक्ता कार्यालय लगायतले मन्त्रालयलाई सुझाव दिएका थिए।

तत्कालीन महान्यायाधिवक्ता दिनमणि पोखरेलको संयोजकत्वमा एक अध्ययन समिति गठन भएको थियो। त्यसमा तत्कालीन कानूनसचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल बारलगायतको ९ सदस्यीय प्रतिनिधि रहेको अध्ययन तथा सुझाव कार्यदल गठन भएको थियो। सोही समितिले 'फौजदारी न्याय प्रशासन सुधार अधययन तथा सुझाव प्रतिवेदन २०८१' सरकारलाई बुझाइएको थियो। त्यसै आधारमा मुलुकी अपराध संहिता र मुलुकी देवानी संहिता कार्यान्वयनमा देखिएका केही व्यवहारिक समस्या समाधानका लागि संशोधन विधेयक मस्यौदा तयार पारिएको हो।

## प्रसाई थुनामुक्त...

साथसाथै प्रसाईंसँगै मुद्दा दर्ता भई थुनामा रहेका दण्डपाणी रेग्मीलाई १० हजार रुपैयाँ र सरोज गौतमलाई ५० हजार रुपैया धरौटी लिन अदालतले आदेश गरेको छ।

प्रसाईं लगायतले उच्च अदालत पाटनमा सोमबार साँझ नै २५ लाख रुपैयाँ धरौटी बुझाएका छन्। उच्च अदालतमा बुझाइएको धरौटी रकम काठमाडौं जिल्ला अदालतमा पठाउनुपर्ने व्यवस्था छ। साँझ ढिलागरी आएको आदेश अनुसार सोमबार नै काठमाडौं जिल्ला अदालतले प्रक्रिया पूरा गरी प्रसाईंलाई छाडेको हो।

'मिसिल र संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादी दुर्गा प्रसाईं निर्दोष रहेछन भनी अहिले नै भन्न सकिने अवस्था नदेखिँदा,' उच्च अदालतले सोमबार गरेको आदेशमा भनेको छ, 'निज क्यान्सर रोगबाट पीडित रहेको र प्रमाण बुझ्दै जाँदा ठहर बमोजिम हुनेगरी २५ लाख रुपैयाँ नगद धरौट वा बैंक जमानत दिए मुद्दाको पुर्पक्षका लागि तारेखमा राख्नुहोला।' नगद धरौट वा जमानत दिन नसके नियमानुसार सिदा खान पाउनेगरी थनामा कारागार चलान गरिदिन अदालतले विकल्प दिएको छ। तर, उनी अदालतले मागेको नगद रकम तत्कालै बुझाएर छुटेका छन्।

प्रसाईंलाई बैंकिङ कसुर तथा सजाय ऐन २०६४ अनुसार निषेधित बिगो १८ करोड ४४ लाख रुपैयाँ बिगोलाई आधार मानी जरिवाना र कैद सजाय हुन, पीडित राहत कोषमा क्षतिपूर्ति शुल्कसमेत भराइ पाउन माग गर्दै सरकारले अर्को मुद्दा पनि दर्ता गरेको थियो। उक्त मुद्दा नेपाल राष्ट्र बैंक सुपरिवेक्षण विभागसमेतको जाहेरीले सरकारले दर्ता गरेको थियो। बैंकिङ कसुरको मुद्दामा २५ लाख रुपैयाँ धरौटी माग गरिएको हो।

गत चैत १५ मा काठमाडौंको तीनकुनेमा भएको राजसंस्थावादीको प्रदर्शन हिंसात्मक भएको थियो। त्यसपछि प्रसाईंलाई मुख्य जिम्मेवार मान्दै प्रहरीले चैत अन्तिम साता पक्राउ गरेको थियो। काठमाडौं जिल्ला अदालतले राजावादी प्रदर्शनका मुख्य संयोजक प्रसाईंलाई शुरुमा १२ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो। तिनकुनेको प्रदर्शनमा दुई जनाको मृत्यु भएको थियो। साथसाथै तोडफोड र आगजनीका घटना भएका थिए। सोही घटनामा राप्रपाका नेताहरू रवीन्द्र मिश्र र धवलशमशेर जबरासहितलाई मुद्दा दर्ता भएको छ। प्रसाईंसहितविरुद्ध राज्यविरुद्धको कसुर, ज्यान सम्बन्धी कसुर, ज्यान मार्ने उद्योग र संगठित अपराधमा मुद्दा दर्ता भएको थियो।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
news 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको
उत्तरोत्तर प्रगति र पूर्ण सफलताको
हार्दिक बधाई तथा शुभकामना
व्यक्त गर्दछौं।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड
Tinkune, Kathmandu, G.P.O. Box No. 10390, Kathmandu,Nepal
Tel.: 01-5199664, 01-5199665,01-5199667
Fax: 977-1-5199668, Email: info@pfltd.com.np
Website:www.pfltd.com.np

हार्दिक बधाई तथा शुभकामना !
नेपाल बोर्डकाष्टिङ्ग च्यानल
news 24 टेलिभिजनको अपार सफलता पछि
नेपाल न्युज प्रा. लि. ले नयाँ दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशित गरेकोमा यस पत्रिका उत्तोरतर प्रगती र पूर्ण सफलताको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।
निर्मल राज पौडेल
अध्यक्ष
WELCOME GROUP

हार्दिक बधाई तथा शुभकामना
नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका
news 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताकोहार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।
MUNASRI CONSTRUCTION
(Engineers & Contractors)
G.P.O. Box: 12215 (Kathmandu), Kopundole-1, Lalitpur, Nepal
Tel: 01-5520201, 4374967,
E-mail: munasriconstruction2054@gmail.com

हार्दिक बधाई तथा शुभकामना
नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
news 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको
उत्तरोत्तर प्रगति र पूर्ण सफलताको
हार्दिक बधाई तथा शुभकामना
व्यक्त गर्दछौं।
नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
Kamaladi-28 (IT Plaza), P.O Box: 6867, Kathmandu, Nepal
Tel: 977-01-4545886, 4545885, 5912195, 5912196
Email: info@nepalfinance.com.np

हार्दिक बधाई तथा शुभकामना
नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
news 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताकोहार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।
SWACHHA BUILDERS
Civil Contractors, Engineers & Development
Sukedhara-4, Kathmandu, Nepal, G.P.O. Box: 12215
Tel: 01-4374967, 01-5520201
Email: swachhabuilders@gmail.com

# माओवादीको २६ बुँदे राजनीतिक प्रस्ताव

**संवाददाता**
**काठमाडौं, साउन १९**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को स्थायी समितिको चार दिनदेखिको बैठक २६ बुँदे प्रस्ताव पारित गर्दै सोमबार सम्पन्न भएको छ। बैठकले समसामयिक राजनीतिक, सामाजिक, आर्थिक तथा कूटनीतिक विषय समेट्दै प्रस्ताव पारित गरेको पार्टीले जनाएको हो।

बैठकले तराई-मधेशमा फैलिएको पानीको संकटप्रति गहिरो चिन्ता व्यक्त गर्दै कृषकलाई राहत दिन र दीर्घकालीन समाधानका लागि तत्काल योजना बनाउन सरकारलाई आग्रह गरेको छ। चाडपर्व नजिकिँदै गर्दा मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्नुपर्ने, विद्यालय शिक्षा विधेयक र



प्रहरीसम्बन्धी विधेयकमा गरिएको ढिलाइ अस्वीकार्य भएको बैठकको ठहर छ।

सहकारी पीडितको रकम फिर्ता, भ्रष्टाचारमा संलग्न मन्त्रीहरूमा छानबिन, मलखाद अभाव, दुग्ध किसान र उखु किसानको भुक्तानी, विद्युत क्षेत्रमा देखिएको समस्या, भूमिसम्बन्धी विधेयकमा भूमिहीनको पक्षमा नीति ल्याउनुपर्ने लगायत विषयमा बैठकले कडा धारणा सार्वजनिक गरेको छ।

विदेश नीति सन्दर्भमा बैठकले प्यालेष्टाइनी जनताको आत्मनिर्णयको अधिकारको समर्थन गर्दै गाजामा भइरहेको इजरायली आक्रमणको भर्त्सना गरेको छ। त्यस्तै, हमासले कब्जा गरेका नेपाली नागरिक विपिन जोशीको सुरक्षित रिहाइका लागि सरकारलाई कूटनीतिक पहल गर्न आग्रह गरेको छ।

लैंगिक समानता, दलित अधिकार, संवैधानिक अंगहरूको स्वतन्त्रता, शिक्षामा मेरिटको सम्मान, भ्रष्टाचार विरुद्धको अभियान र सुशासन सुनिश्चित गर्न माग गर्दै बैठकले सरकारका जनविरोधी तथा दलालमुखी नीतिहरूको कडा विरोध गरेको छ।

## संघीय मामिलाको टोली स्थानीय तहमा जाने

काठमाडौं (संवाददाता)- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समयमै बजेट पारित गर्न नसकेका स्थानीय तहहरूमा स्थलगत छलफल र सहजीकरण गर्न तीन वटा टोली पठाउने निर्णय गरेको छ। मन्त्रालयका सहसचिवको नेतृत्वमा बनाइएका टोलीमा गाउँपालिका राष्ट्रिय महासंघ, नगरपालिका संघ र जिल्ला समन्वय समितिका प्रतिनिधिहरू सहभागी हुनेछन्। टोलीहरू बुधबारदेखि स्थानीय तहमा खटिनेछन्। संविधान र कानूनअनुसार असार मसान्तभित्र बजेट पारित गर्नुपर्ने भए पनि केही तहले अझै बजेट पारित गर्न नसकेको भन्दै मन्त्रालयले सहजीकरण गर्ने जनाएको छ।

## कक्षा १२ को...

गत वर्ष साउन १८ गते नतिजा सार्वजनिक गरिएको थियो भने यस वर्ष साउन १९ गते गरिएको छ, अर्थात् एक दिनमात्र ढिलो।

बोर्डले यस वर्षको परीक्षा र नतिजा ढिलो नहोस् भनेर प्रारम्भिक क्यालेन्डरमै साउन १५ भित्र नतिजा प्रकाशन गरिने उल्लेख गरेको थियो। ढिलो परीक्षा सञ्चालन भए पनि बोर्डले नतिजा सार्थक रूपमा समयमा ल्याउन सफल भएको देखिन्छ।

विद्यार्थीले सबै विषयमा ग्रेड प्राप्त गर्नका लागि सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अंक अनिवार्य ल्याउनु पर्छ। लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार, विद्यार्थीले यदि कुनै पनि विषयमा ३५ प्रतिशतभन्दा कम अंक प्राप्त गरेमा ननग्रेडेड हुनेछ। यसै कारण केही विद्यार्थीले सबै विषयमा ग्रेड हासिल गर्न सकेनन्। यस वर्ष नियमिततर्फ १७ जना र आंशिकतर्फ ६ जना गरी २३ जनाको परीक्षा रद्द गरिएको बोर्डले जनाएको छ।

हालको ग्रेडिङ प्रणालीले विद्यार्थीको गुणस्तर मापनमा केही हदसम्म सहजीकरण गरे पनि शिक्षा विज्ञहरूले यसको दोहोरिएको मूल्यांकन र सीमितताको चर्चा गरेका छन्। विद्यार्थीले नतिजामा ए प्लस देखि इ ग्रेडसम्म पाउने व्यवस्था छ। तर धेरै जसो उच्च शिक्षा संस्था र रोजगारदाताहरूले जीपीए वा ग्रेडको तुलनात्मक मूल्यांकन गर्न गाह्रो भएको भन्दै सुधारको माग गरेका छन्।

विषयगत नतिजा हेर्दा गणित, भौतिकशास्त्र, रसायनशास्त्र र केही अन्य विज्ञान संकायका विषयहरूमा अन्य विषयको तुलनामा नन ग्रेडेड हुने विद्यार्थीको संख्या बढी देखिएको छ। बोर्डले प्रकाशित गरेको विषयगत नतिजा सारांश अनुसार, गणित विषयमा ए प्लस ग्रेड पाउनेको संख्या २५३७ मात्र छ भने एनजी पाउनेको संख्या ९५५९ पुगेको छ, जुन कुल परीक्षार्थीको उल्लेखनीय हिस्सा हो।













## सम्पादकीय

# हामी आउनुको कारण

*नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको वि.सं. १९४३ मा मोतिराम भट्टले काशीमा छपाएका 'गोरखा भारत जीवन' मासिकलाई लिइन्छ। नेपालमै छापिएको पहिलो पत्रिका वि.सं. १९५५ सालको साउन महिनामा प्रकाशित 'सुधा सागर' मासिक पत्रिका हो। 'सुधासागर' छापिएको १ सय २७ वर्षमा लोकप्रिय समाचार आजदेखि नयाँ व्यवस्थापन र कलेवरमा आएको छ।*

*'सुधासागर'ले कोरोको गोरेटो पच्छ्याएर नेपाली पत्रकारिता जगत 'सूचना राजमार्ग' मा दौडिएको पनि निकै वर्ष भइसक्यो। पत्रकारिताको बलमा २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएको तथ्य सर्वविदितै छ। पुनर्स्थापित बहुदलीय प्रजातन्त्रले बहुल समाज निर्माणमा दिएको महत्त्वपूर्ण योगदान स्वतन्त्र प्रेस पनि हो। विभिन्न राजनीतिक संक्रमणलाई चिरेर सशस्त्र द्वन्द्व हुँदै मुलुक गणतन्त्रमा अग्रसर भएको छ।*

*अहिलेको समयमा दैनिक पत्रिका सुरु गर्नु चुनौतीपूर्ण काम हो भन्नेमा हामी सचेत छौं। किनभने, अहिले डिजिटल प्रविधिको बाढीमा समाचार सामाजिक सञ्जाल, अनलाइन पोर्टल, र मोबाइल एप्समार्फत प्राप्त भइरहेका छन्। विविध कारणले समग्र छापा माध्यम र दैनिक पत्रिकाको माग घट्दो भएको बताइन्छ।*

*नेपाली पत्रकारिताको स्वतन्त्रता र निष्पक्षताको प्रश्न बेला-बेला उठ्ने गरेको छ। ती प्रश्नलाई तथ्यपरक, वस्तुनिष्ठ र सन्तुलित पत्रकारिताले नै किनारा लगाउन सक्छ भन्ने तथ्य पनि जगजाहेर छ। तर गलत समाचारको प्रकोप डढेलो भन्दा चर्को छ। समाचार गलत भएको प्रमाणित हुनुभन्दा अघि नै त्यसले पार्ने आघातबाट बच्न पनि पत्रकारिता विगतको जस्तो सूचना, जानकारी र विश्लेषण सम्प्रेषणमा सीमित नभई प्रविधिको विस्तारका कारण थप चनाखो हुनुपर्ने चुनौती छ।*

*नेपालमा बेला-बेला प्रेस स्वतन्त्रतामाथि अंकुश लाग्ने दुष्प्रयास पनि हुने गरेको छ। 'प्रेस स्वतन्त्रता अधिक भयो', 'प्रेस नियन्त्रण हुनुपर्छ' भन्ने आवाज पनि बेला बेला सुनिने गरेको छ। तीनको बुटी जिम्मेवार पत्रकारिता नै हो। समाजमा भएका बेथिति जुन छन्, तीनलाई चिर्न प्रेसको योगदान छ। प्रेस स्वतन्त्राता बढी भयो भन्नेहरूले यति पनि स्वतन्त्रता नहुँदो हो त समाज कहाँ पुग्थ्यो भन्नेतर्फ पनि सचेत हुनुपर्नेछ। संविधान प्रदत्त प्रेस स्वतन्त्रतालाई विस्तार गर्ने काम फेरि पनि जिम्मेवार पत्रिकारिताले नै गर्ने हो, अरुले होइन।*

*अबको प्रकाशनले पाठकको आशा केवल समाचार मात्र होइन, त्यसपछाडिको अनगिन्ती प्रश्नको उत्तर पनि हो। त्यसैले हामी स्वतन्त्र र निष्पक्ष पत्रकारिताको आाधारमा अघि बढ्नुपर्नेमा सचेत छौं। राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचारसँगै पाठकहरूलाई आफ्नो समुदाय, आफ्नो पालिकाको जानकारी पनि चाहिरहेकै छन्। जो अहिलेसम्म अपेक्षाकृत पूरा भएको छैन।*

*अब 'वैश्विक चिन्तन र स्थानीय आचरण'लाई अझ गतिशील बनाउँदै स्थानीयको आवाजलाई मुखर बनाएर समाधान उन्मुख पत्रकारिता पनि गर्नुपर्ने छ। मुद्दा उठाउने मात्रै होइन, त्यसलाई सही निष्कर्षमा पुर्‍याउन समस्याको समाधान खोज्ने दायित्व पनि पत्रकारिताको हो, जुन हामी गर्न चाहन्छौं। फेरि पनि हाम्रो प्रण दोहोर्‍याउन चाहन्छौं। सबै जात, लिंग, वर्ग र क्षेत्रका आवाजको प्रतिनिधित्व नै हाम्रो प्राथमिकता हो। पीडितको पक्षमा बोल्ने मूल्यलाई हामीले गम्भीरताका साथ लिएका छौं। हामी यहाँहरूको विश्वास जित्ने आत्मविश्वासका साथ आएका छौं। निष्पक्ष समाचार, स्पष्ट विचार नै हाम्रो बटम लाइन हो, यही नै हाम्रो मार्गदर्शक सिद्धान्त हो।*

# नेपाली राजनीतिका यक्ष प्रश्नहरू



news24 दैनिक

**खिमलाल देवकोटा**

राजनीति भनेको समस्याको समाधान गर्ने कला हो भन्ने विश्वास गरिन्छ। तर, नेपालमा राजनीति स्वयं एक गहिरो समस्या बनेको छ। गणतन्त्र स्थापना भएको डेढ दशक नाघिसक्दा पनि मुलुक अस्थिरताबाट मुक्त हुन सकेको छैन। लोकतन्त्रको अभ्यास चित खाइरहेको छ भने जनताको भरोसा राजनीतिसँग टाढिँदै गएको छ। किन ? यसको उत्तर खोज्नका लागि अब केही 'यक्ष प्रश्न'हरूप्रति इमानदारीपूर्वक फर्कनुपर्ने समय आइसकेको छ।

### जनता केन्द्रित लोकतन्त्रको अभाव

जनता इतिहासका निर्माता हुन्। नेपालको राजनीतिक परिवर्तनको मुख्य आधार पनि जनता नै थिए। २००७ सालको राणाविरोधी अन्दोलनदेखि २०४६ सालको आन्दोलनसम्म २०६२/६३ को जनआन्दोलनदेखि माओवादी जनयुद्ध, मधेश आन्दोलनसम्म र अन्य विभिन्न पहिचान आन्दोलनहरूले जनताकै बलमा नेपाली लोकतन्त्रको जग तयार गरे। तर, ती आन्दोलनहरूको उपलब्धि जनताको हातमा पर्नुभन्दा सत्ताको भागबण्डामा सीमित हुँदै गएको छ भन्ने गम्भीर आरोप र गुनासो जनस्तरबाट गुन्जिएको छ।

राजनीति सेवा भन्दा व्यवसाय बन्दै बिनालगानी आम्दानी गर्ने बिनाघाटाको व्यापार राजनीति बन्न पुग्यो। राजनीतिक दलहरू जनताको सेवा र तिनको प्रतिनिधित्व गर्नुभन्दा बढी सत्ता र कुर्सी प्राप्तिको औजार बनेको त होइन भन्ने प्रश्न गम्भीररूपमा उठ्न थालेको छ। निर्वाचनहरू नियमित भए पनि ती प्रक्रियाहरूले जनताको इच्छा प्रतिबिम्बित गर्छन् कि केवल ठूला दलहरूको मेसिनरी संरचनाले परिणाम निर्धारण गर्छन् भन्ने गम्भीर बहसको खाँचो महसुस भएको छ।

### दलहरूभित्र लोकतान्त्रिक आचरणको अभाव

लोकतन्त्र केवल परिणाम प्राप्ति मात्रै हैन यो एक महत्त्वको प्रक्रिया पनि हो। यसैगरी, लोकतन्त्रको मर्म केवल संविधानमा लेखिएका धाराहरूमा होइन, त्यसको प्रयोग गर्ने अधिकारीहरूका दैनिक प्रकट हुने व्यावहारिक अभ्यासमा निहित हुन्छ। तर नेपाली राजनीतिक दलहरू भित्र हेर्दा नेताहरू उत्तराधिकार सुम्पने शैली र एक व्यक्तिको वरिपरि केन्द्रित हुने प्रवृत्तिले संस्थागत लोकतन्त्र होइन, व्यक्तिवादी नेतृत्व संस्कृतिको प्रवर्द्धन गरिरहेको छ भन्ने प्रशस्त आधारहरू छन्।

दलीय पद्धतिमा राज्य दलहरू मार्फत नै टिकट प्राप्त गरेर दलहरूले नै चुनावी अभियान संचालन गरेर जनताको मत प्राप्त गरेका निर्वाचित प्रतिनिधिहरूले नै संचालन गर्ने हो। तिनै दलहरूभित्रको लोकतान्त्रिक पद्धतिको सोझो प्रभाव राज्य संचालनमा प्रतिविम्बित हुन्छ। तर, यतिबेला दलभित्र आन्तरिक लोकतन्त्रको अभाव, पारदर्शिता र जवाफदेहिताको कमजोर अभ्यासले गर्दा दलहरू स्वयं संकटमा छन्। राजनैतिक दलहरूप्रतिको भाष्य बिल्कुलै नकारात्मक छ। सायद यही कारण होला युवापुस्तामा दलहरूप्रति आकर्षित छैन, बरु राजनीतिप्रति नै वितृष्णा बढ्दो छ।

### सत्ता र प्रतिपक्षमा प्रभावकारी भूमिकाको अभाव

जिम्मेवार सत्ता पक्ष र रचनात्मक प्रतिपक्ष संसदीय प्रणालीको मेरुदण्ड हो। त्यसमा पनि प्रभावशाली प्रतिपक्ष आधारभूत आवश्यकता हो। तर, नेपालको सन्दर्भमा सत्ता र प्रतिपक्ष बीचको भिन्नता सैद्धान्तिकभन्दा पनि सुविधाजनक देखिन्छ। अहिलेको प्रतिपक्ष भोलिको सत्ता बन्ने र सत्तामा हुँदा गरेका गल्तीहरूलाई विपक्षमा हुँदा बचाउन प्रयोग हुने माध्यम बनेको छ। यसकारण, जिम्मेवार सत्ता र रचनात्मक प्रतिपक्ष दुवैको अभाव छ।

नीति निर्माण, विधेयक परीक्षण, र सार्वजनिक हितको मुद्दामा प्रतिपक्षको भूमिका कमजोर बन्दै गएको मात्रै छैन लगभग भूमिकाविहीन जस्तै बनेको छ। संसद्मा मुद्दाको गहिराइमा जाने बहसभन्दा बढी नाराबाजी, प्रतिक्रियात्मक, आरोप प्रत्यारोप, स्टन्टबाजी र बहिष्कारकै नाटक भइरहेकाले जनतामा लोकतन्त्रप्रति नै निराशा बढेको छ।

### सामाजिक रूपान्तरणको जिम्मेवारी बोधको अभाव

कम्तिमा जनयुद्ध र जनआन्दोलनको परिणामका रूपमा प्राप्त गरेको अन्तरिम संविधान, त्यसैको जगमा बनेको संविधानसभाबाट घोषणा भएको नेपालको संविधान समेतले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थपनासहित राज्यको अग्रगामी रूपान्तरणको मार्गचित्र कोरेको थियो। सो मार्ग चित्रका आधारमा उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोग सहितको आधा दर्जन राज्यको रूपान्तरणका लागि आवश्यक आयोगहरूको परिकल्पना गरेको थियो। तर, दुर्भाग्य, ती कुनै पनि आयोग बनेनन्। जातीय, वर्गीय, क्षेत्रीय र लैंगिक समस्या नेपाली समाजको समस्याका रूपमा पहिचान गरेको थियो। ती समस्याको समाधानका लागि आर्थिक सामाजिक रूपान्तरण सहितको अग्रगामी राज्यको पुनर्संरचना अपेक्षा गरिएको थियो। भूमिहिन दलितहरूलाई एकपटकका लागि घडेरी निःशुल्क दिनेदेखि नेपाली आत्मनिर्भर अर्थतन्त्र निर्माणका आधारहरूका बारेमा पनि राज्यका नीतिमा प्रष्ट पारिएको थियो। तर, तिनको अनदेखा, सत्ता र कुर्सी केन्द्रित मनोविज्ञान मात्रै नेपाली राजनीतिको ध्येय बन्न पुग्यो। सामाजिक रूपान्तरणको जिम्मेवारी बोधको बिल्कुल अभाव रह्यो। नेपालको समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक छ भन्नै कुरा स्वीकारोक्ति पनि भयो, तर सामाजिक समावेशिता, समानताको सवालले राजनीतिमा प्रमुख स्थान पाउनुपर्ने थियो तर राज्य संरचना फेरिए पनि सोचाइ र व्यवहार फेरिएन। व्यवस्था फेरियो पात्र र प्रवृत्ति फेरिएन भन्ने गुनासो व्याप्त रहन पुग्यो।

दलित, महिला, जनजाति, मधेशी, अपांगता भएका व्यक्ति वा सीमान्तकृत समुदायका सवाल प्रभावकारी ढंगले संबोधन हुन सकेनन् भन्ने गुनासो व्याप्त छ। प्रतिनिधित्व केवल संख्यामात्रै हैन, सार्थक सहभागिता हो जसको अझै सुनिश्चित भएको छैन भन्ने नै निष्कर्ष छ। संविधानले प्रत्याभूत गरेको समावेशिता व्यवहारमा किन नआएको ? के राजनीतिक नेतृत्व अझै पनि पुरानो सत्ता संरचनाको निरन्तरतामा रमाइरहेको हो ? भन्ने प्रश्नहरू उठ्न थालेका छन्।

### संस्कृतिबिनाको गठबन्धनको बाध्यता

२००७ सालदेखि पंचायत कालसम्म र बहुदलकाल देखि गणतन्त्र कालसम्म पनि नेपालमा कुनै पनि संसद् वा सरकारले पूरा अवधि काम गर्न पाएको छैन। त्यसैले, नेपाललाई 'कन्ट्री अफ ट्रान्जिसन' भन्न सकिन्छ। यही संक्रमणै संक्रमणको राजनीति हाबी भएको मुलुक नेपालमा नेतृत्वको संकट अझै बढी व्याप्त भएको छ। राजनीतिक अस्थिरता अन्त गर्ने हिसाबले संवैधानिक व्यवस्था गरिएको थियो जसका कारण संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि मुलुकमा स्थायित्वको अपेक्षा गरिएको थियो। तर, पछिल्ला वर्षहरूमा सरकार बन्ने र गिराउने खेल निरन्तर चलिरहेको मात्रै छैन संसद् समेत संविधान विपरीत विघटन हुने अवस्था आइपर्‍यो। अदालतले पुनस्थापना गरेर पनि राजनैतिक स्थायित्वको समाधन दिन दलहरूले सकेनन्। दलहरूबीचको गठबन्धन स्थायित्वका लागि बनेको त देखिन्छ, तर व्यवहारमा त्यो शक्ति-समीकरण र स्वार्थको मिलनमात्र हो भन्ने कुरा पुष्टि भएको छ।

**नेपाली राजनीतिक दलहरू एक व्यक्तिको वरिपरि केन्द्रित हुने व्यक्तिवादी नेतृत्व संस्कृतिको प्रवर्द्धन गरिरहेका छन्। राजनीतिक नेतृत्व अझै पनि विगतका राजनीतिक संरचनाको निरन्तरता जस्तै देखिन्छ। गणतन्त्रको अर्थ राजसंस्थाको अन्त्य मात्र होइन समानता, स्वतन्त्रता र नागरिक सर्वोच्चताको मूल्यमा आधारित शासन प्रणाली हो।**

स्थायी नीति, दूरदर्शिता र जनमुखी योजना बनाउनुपर्ने सरकारले पाँच वर्षको अवधि पनि पूरा गर्न नसक्ने स्थिति किन आयो ? के गठबन्धन अब सहकार्यको आवश्यकता हो कि सत्ता साटफेरको औजारमात्र हो भन्ने ठाउँमा पुगेको छ। मूलतः राजनैतिक दलमा सत्ता स्वार्थका लागि गठबन्धन बाध्यात्मक बन्ने तर गठबन्धन संस्कृतिको बिल्कुलै अभाव रहने अर्को विडम्बना बन्न पुगेको छ।

### कार्यकारी नेतृत्वको सक्षमताको अभाव

जननिर्वाचत कार्यकारीको साटो संसद्को गणितका भरको कार्यकारी, विभिन्न सम्झौता र स्वार्थहरूको घेराबन्दीको नेतृत्वले सक्षमता प्रदर्शन गर्न सक्ने अवस्था हुँदैन। त्यही कुरा नेपालमा भैरहेको छ। कार्यकारी प्रमुखलाई जनताको सेवा वा राज्यको अग्रगामी रूपान्तरण हैन गणितमा खेल्ने, बहुमत टिकाउने कथं-कदाचित् टिकन सकिएन र ढल्न पर्‍यो भने ढल्दा-नढल्दै बन्दै गरेको सरकार ढाल्ने, र फेरि आफू आउने खेलमा लाग्नुपर्ने बाध्यतामा कार्यकारी नेतृत्व फसेको छ। सत्ता टिकाउन जायज-नाजायज सम्झौता गर्न पर्ने बाध्यतामा ऊ छ। तब, सक्षम नेतृत्वको अपेक्षा गर्न सकिन्न। नेपालमा प्रायः प्रधानमन्त्रीहरू आफ्नो सत्ता टिकाउने र अरूको सत्ता ढाल्नेसहितका अकुत सम्पत्ति आर्जन गर्ने निर्णय गर्नबाहेक अरू देश र जनताको हित र कल्याणका निर्णय गर्न डराउँछन्। साना दलहरूको समर्थनमा बनेको सरकार बहुमतको डरले निर्णय लम्ब्याउने र कार्यान्वयनमा ढिलाइ गर्ने प्रवृत्तिमा हुन्छ। यस्तो, अवस्थामा नीति निर्माणमा न नेताले नेतृत्व दिन सक्छन् न प्रशासनले स्पष्टता पाउँछ।

यस प्रकारको परिवेशमा कार्यकारी नेतृत्व निर्णयकारी र दूरदर्शी नहुँदा जनताले भोग्नुपर्ने महँगी, बेरोजगारी, सुशासनको अभाव, शिक्षा-स्वास्थ्यको दुर्गतिजस्ता समस्या थप गम्भीर बन्दै गएका छन् भन्ने कुरामा दुईमत छैन।

### गणतन्त्रको आत्मा नबुझ्ने नेतृत्व

गणतन्त्रको अर्थ केवल राजसंस्थाको अन्त्य हैन। यो समानता, स्वतन्त्रता र नागरिक सर्वोच्चताको मूल्यमा आधारित शासन प्रणाली हो। तर, व्यवहारमा राजनीतिक नेतृत्व अझै पनि विगतका राजनीतिक संरचनाको निरन्तरता जस्तै देखिन्छ। जहाँ जनता मतदाताको भूमिकामा सीमित छन्, नीति निर्माण र कार्यान्वयनमा उनीहरूको आवाज सुन्ने चासो कम छ। आज गणतन्त्रमात्र हैन, नागरिक अधिकार, प्रेस स्वतन्त्रता, न्यायिक स्वतन्त्रता र संघीयता समेत संकुचित हुने चिन्ता देखिएको छ।

सामन्तवादका विरुद्ध ज्यानको बाजी लगाएर लडेको नेतृत्व सामन्तवादका अवशेषहरू नै सापट लिने वा आफैंमा सहवरण गर्ने विडम्बनापूर्ण अवस्थामा पुगेका छन्। आफैं सामन्ती प्रवृत्तिको सापटीका लिएका नेतृत्वमा गणतन्त्रप्रतिको नजरअन्दाजी त छँदै छ राजतन्त्रको ज्यादती नभोगेको पुस्ताको बाहुल्यता भएको नेपाली समाज गणतन्त्रको महत्त्व र महिमाप्रति बेखबर हुने अवस्थाको दोसाँधमा नेपाली राजनीति अल्मलिएको छ।

### अन्त्यमा,

गौरवमय संघर्ष त्याग र बलिदानको परिणामस्वरूप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मर्म र भावना बमोजिमको राज्यको अग्रगामी पुनर्संरचना, अग्रगामी पुनर्संरचनाका आधारमा राज्य संचालन गर्ने नेतृत्वको मनस्थितिको पुनर्संरचना आजको आवश्यकता हो। परिवर्तनमैत्री मानसिकताको अभावमा नेपाली समाजले समस्या भोगेको कुरा आजको यथार्थ हो। यसै परिवेशमा नेपालको राजनीतिक नेतृत्वले अहिले गम्भीर आत्मसमीक्षा गर्न जरुरी छ। परिवर्तनका लागि गरिएका जनताका बलिदानहरू सम्मानित हुनुपर्छ, भने त्यसको मूलधार राजनीतिक व्यवहारमा देखिनुपर्छ।

*लेखक वरिष्ठ अधिवक्ता हुन्।*

# कम उमेरमा देखिने कोलेस्ट्रोलको जोखिम

**सुमिरन प्रीत कौर, बीबीसी**

हामी धेरैलाई सोमोसा र बर्गर तथा अन्य तारेका खानेकुरा मनपर्छ। तर, यसका साथसाथै हामी धेरैले पनि सुन्ने गरेका छौं। यी चिल्ला खानेकुराले हाम्रो शरीरको कोलेस्टोरको स्तर बढाउँछ।

डाक्टरहरू के बताइरहेका छन् भने बढ्दो कोलेस्टोरको समस्या अब पाको उमेरको मान्छेहरूमा मात्र सीमित भएन। यो समस्याले युवाहरूमा पनि गम्भीर समस्या निम्त्याउन थालेको छ। कलिलै उमेरमा कोलेस्ट्रलको स्तर अधिक हुनु, पाको उमेरमा बढ्दै कोलेस्ट्रलको तुलनामा धेरै हानिकारक हुन सक्छ।

त्यसैले, कोलेस्ट्रोल के हो ? यसको मात्रा हाम्रो शरीरमा कसरी बढ्छ र यसलाई कसरी कम गर्न सकिन्छ ? भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने देखिन्छ।

कोलेस्ट्रोल एक प्रकारको बोसोयुक्त, जेलजस्तो पदार्थ हो, जुन लिपिड वर्गमा पर्दछ। यसले शरीरमा धेरै महत्त्वपूर्ण कार्यहरू गर्दछ।

शरीरका हरेक कोशिकामा कोलेस्ट्रोलको मात्रा हुन्छ। यसले, कोशिकाको झिल्लीलाई सुरक्षित बनाउने काम गर्दछ। कोलेस्ट्रोलको काम हार्मोन निर्माणमा पनि सहयोग पुर्‍याउनु हो। शरीरमा हुने कुल कोलेस्ट्रोलको करिब ८० प्रतिशत अंश कलेजोबाट बन्छ।

कोलेस्ट्रोल मुख्यतया दुई प्रकारका हुन्छन्- एचडीएल र एलडीएल। एचडीएल अर्थात् हाई डेन्सिटी लिपोप्रोटिनलाई राम्रो कोलेस्ट्रोल मानिन्छ, भने एलडीएल अर्थात् लो डेन्सिटी लिपोप्रोटिनलाई खराब कोलेस्ट्रोल मानिन्छ।

एचडीएल शरीरमा सजिलै बग्छ, र धमनीहरू सफा राख्न मद्दत गर्छ। तर, जसै शरीरमा एलडीएलको मात्रा बढ्छ, तब यो धमनीहरूमा थिग्रिएर चिप्लो पदार्थ (प्लाक) बनाउन थाल्छ।

इदि, यो लामो समयसम्म जमिरह्यो भने, रक्त प्रवाहमा अवरोध आउन सक्छ। यसो भयो भने मुटु र मस्तिष्कमा पर्याप्त अक्सिजन र पोषक तत्त्व नपुग्न सक्छ। यसले हृदयाघात (हार्ट अट्याक) वा स्ट्रोकजस्ता गम्भीर समस्या उत्पन्न हुन सक्छन्।

शरीरमा कोलेस्ट्रोलको स्तरलाई धेरै तत्त्वहरूले असर गरिरहेका हुन्छन्। तिनमा व्यक्तिको उमेर, उसले सेवन गरिरहेको औषधी, वा हालको स्वास्थ्य अवस्था पनि पर्दछन्। साथै, व्यक्तिको दैनिक जीवनशैली, खानपान, र शारीरिक सक्रियता पनि यसले महत्त्वपूर्ण भूमिका खेल्दछन्।

दिल्लीको फोर्टिस एस्कोर्ट्स अस्पतालका हृदयरोग विशेषज्ञ डा. विवुधप्रताप सिंहका अनुसार अत्यधिक प्रशोधित खाना र 'ट्रान्स फ्याट्स'ले कोलेस्ट्रोलको स्तर बढाउँछ।

उनी भन्छन्, 'बजारमा पाइने प्रोसेस्ड स्न्याक्स, बेकरी प्रोडक्टहरू, र आर्टिफिसियल फ्याट्स बारबार खाँदा त्यसले शरीरमा एलडीएल बढाउँछ।' उनका अनुसार उच्च प्रशोधित कार्बोहाइड्रेट जस्तैः मैदाबाट बनेका परिकारहरूबाट टाढा रहनु आवश्यक छ। किनभने, ,यिनमा एन्टिअक्सिडेन्ट कम हुन्छ र कोलेस्ट्रोल बढाउँछन्।

अत्यधिक प्रशोधित खानाले शरीरको



तौल बढाउँछ र शरीरमा बोसो जम्न थाल्छ, जसले मुटु रोगको जोखिम बढाउँछ। क्याम्ब्रिज विश्वविद्यालयका वैज्ञानिकका अनुसार कम उमेरमै देखिएको उच्च कोलेस्ट्रोल पाको उमेरमा देखिने कोलेस्ट्रोलको तुलनामा अझ घातक हुन सक्छ।

जति बढी शारीरिक रूपमा सक्रिय भइन्छ, शरीरले बोसोलाई ऊर्जाको रूपमा त्यति नै बढी प्रयोग गर्छ। यसले शरीरमा 'सेचुरेटेड फ्याट' घटाउँछ र प्लाक बन्न दिँदैन जसले स्ट्रोक वा हृदयाघातको जोखिम घटाउँछ।

स्वस्थ हृदयका लागि अपनाउनुपर्ने केही उपायहरूमा धूम्रपानबाट टाढा रहनु, तौल नियन्त्रण गर्नु, मदिरा सेवन नगर्नु र सेचुरेटेड फ्याट, ट्रान्स फ्याट र प्रोसेस्ड खाना कम गर्नु रहेको छ।

धेरै अध्ययनहरूले के निष्कर्ष निकालेका छन् भने सन्तुलित आहारले कोलेस्ट्रोल नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्छ। हामीले खाने दैनिक खानामा फाइबरको मात्रा समावेश हुनु अनिवार्य छ। फाइबरले आमाशयमा जेलजस्तै तह बनाउँछ, जसले पाचन प्रक्रियालाई बिस्तारै बिस्तारै सम्पन्न गर्छ र यो क्रममा बोसो सोसिने काम हुन्छ। यसो हुँदा कोलेस्ट्रोलको मात्रा घट्न सहयोग पुग्छ।

फाइबरका स्रोतहरूमा अप्रशोधित अन्न, दलहन, फलफूल र हरियो सागसब्जी हुन्। त्यसबाहेक शरीरमा पानीको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। शरीरमा पानीको मात्रामा हुने कमी जसलाई डिहाइड्रेसन भनिन्छ, त्यसो हुँदा, रगत बाक्लो हुन्छ, रक्त प्रवाह सुस्त हुन्छ, र ब्लड प्रेशर घट्छ।

यसले रिंगटा लाग्ने, बेहोस हुने, मुटुले अत्यधिक पम्प गर्नुपर्ने अवस्था सिर्जना आउँछ, त्यसो हुँदा हृदयघातको खतरा बढ्छ। त्यसैले, मुटु स्वस्थ राख्न पानी पर्याप्त पिउनु, नियमित जाँच गरिरहनु, र चिकित्सकको सल्लाह लिनु अत्यावश्यक छ।

## पाठक मञ्च

# डिजिटल युगमा मोबाइलको सन्तुलित प्रयोग

हालको डिजिटल युगमा मोबाइल फोन हाम्रो जीवनको अभिन्न अंग बनिसकेको छ। तर, बालबालिकाको हकमा मोबाइलको अत्यधिक प्रयोगले गम्भीर असर पार्न सक्छ। त्यसैले, अभिभावकहरूले बालबालिकालाई मोबाइल दिनुको साटो अन्य रचनात्मक, शिक्षाप्रद तथा शारीरिक क्रियाकलापमा संलग्न गराउनु आवश्यक छ।

मोबाइलबाट टाढा राख्न धेरै कामकुरो गराउन सकिन्छ। सबैभन्दा सजिलो कुरा भनेको बालबालिकालाई चित्र कोर्न, रंग भर्न, हस्तकलाका काममा संलग्न गराउन सकिन्छ। यसो गर्दा उनीहरूको सिर्जनशीलता र एकाग्रता पनि बढ्छ। अर्को राम्रो पक्ष भनेको उमेरअनुसारको कथा वा शैक्षिक पुस्तक पढ्ने बनी लगाउन सकिन्छ। यसले उनीहरूको भाषा, सोच्ने क्षमता र ज्ञान बढ्छ।

सबैजसो बालकालिका खेलकुदमा रमाउँछन्। घरभित्र वा बाहिर खेल लगाउँदा बालबालिकाको शारीरिक विकास, आपसी सहकार्य, सहयोगी भावना र प्रतिस्पर्धात्मक सोच विकास हुन्छ। त्यस्तै, संगीत वा नाच पनि सिकाउन सकिन्छ। यसले बालबालिकाको मनोवैज्ञानिक स्वास्थ्यमा उन्नत हुन्छ।

हामीले धेरैले वास्ता नगरेको तर धेरै महत्त्वपूर्ण अर्को काम हो, बालबालिकालाई घरायसी काम गराउने। उनीहरूलाई बाल्यकालदेखि नै स-साना कामहरूमा सहभागी गराउँदा उनीहरूमा जिम्मेवारी र आत्मनिर्भरता बढ्छ।

हामीले यी काम किन पनि गनुपर्छ, भने मोबाइलको अत्यधिक प्रयोगले दृष्टि कमजोर हुने, निन्द्रा गडबडी हुने र मानसिक अशान्ति हुने हुन्छ। यसले बालबालिकामा एक्लोपन, चिडचिड र ध्यान केन्द्रित गर्न नसक्ने समस्या चुलिन्छ। साथै, शारीरिक निष्क्रियता र अधिक तौलको सम्भावना पनि हुन्छ। बालबालिकामा मोबाइलको प्रयोग न्यून गराउन यसको प्रयोगलाई सिमित गर्नुपर्छ। बालबालिकालाई मोबाइल दिने समय तय गर्ने र त्यो समय पालना गराउने। साथै, अभिभावक आफैं पनि मोबाइलबाट टाढा रहरे आफैं उदाहरण बन्नुपर्दछ। नियमित रूपमा मोबाइलबिनाको दैनिकी तय गर्ने, जस्तै परिवारसँग खाना खानेबेला वा सुत्ने समयमा र अन्य बेला मोबाइलको प्रयोग ठ्याक्कै नगर्ने।

नेपालका धेरै मानिस विदेशमा काम गर्न गएको अवस्थामा मोबाइल सम्पर्कको प्रमुख माध्यम बनेको छ। तर, त्यो सम्पर्क माध्यमले बालबालिकालाई मोबाइलमा एक्लै रमाउने पनि बनाएको छ। शहरमा मात्रै होइन, ग्रामीण क्षेत्रमा पनि स्मार्टफोनको पहुँच पुगेको हुँदा अभिभावक व्यस्त जीवनशैलीका कारण बालबालिकालाई मोबाइल दिने र शिक्षकहरू पनि कहिलेकाहीँ सिकाइ पद्धतिमा मोबाइल प्रयोग गर्न प्रेरित गर्छन्, तर यसको दुरुपयोग नहोस् भन्नेमा सेचत हुनुपर्छ।


नेपाल सरकारले बालबालिकाको डिजिटल सुरक्षाबारे नीति त बनाएको छ, तर कार्यान्वयन फितलो छ। स्थानीय तहहरूले विद्यालयस्तरमै सचेतना कार्यक्रम ल्याउन जरुरी देखिन्छ।

मोबाइलको अत्यधिक प्रयोग शिक्षा, संस्कार, र सामाजिक व्यवहारमा अभिन्न भएको सन्दर्भमा अभिभावक, शिक्षक, सरकार र सरोकारवालाहरू मिलेर सन्तुलित डिजिटल प्रयोग र सकारात्मक विकल्पहरूको उपयोग हुने सके हामी बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गर्न सक्छौं।

**विनित आचार्य**

## जेन कथा

# रिस नियन्त्रण



एकजना जेन शिष्यले आफ्ना गुरुसँग भने, 'गुरुज्यू, म चाँडै रिसाउँछु। कृपा गरेर मलाई यसबाट मुक्त गरिदिनुहोस्।'

गुरुले भने, 'यो त बडो अचम्मको कुरा भयो। मलाई रिसाएर देखाऊ त।'

शिष्यले भन्यो, 'तपाईंका अघिल्तिर त म रिसाउन सक्तिनँ।'

'किन नि ?' गुरुले आश्चर्य हुँदै सोधे।

शिष्यले भन्यो, 'यो त अचानक हुन्छ।'

गुरुले जवाफमा भने, 'उसो भए रिसाउने तिम्रो प्रकृति होइन। रिसाउनु तिम्रो स्वभाव हुन्थ्यो भने तिमी जुनबेला पनि रिसाएर देखाउन सक्ने थियौ। तिमी किन यस्तो चिजलाई आफैंमाथि हाबी हुन दिन्छौं, जबकि त्यो तिम्रो हुँदै होइन।'

गुरुको यो भनाइपछि शिष्यलाई जसै रिस उठ्न थाल्थ्यो, गुरुका शब्द सम्झेर रिस नै हराउँथ्यो। यसरी एउटा शिष्यले शान्त र संयमित व्यवहार जिउन थाल्यो।

**– अच्युत कोइराला**

# संग्रहालय बन्दै हसीनाको दरबार



**ढाका, बंगलादेश (एजेन्सी)**

कुनै समय बंगलादेशकी प्रधानमन्त्री शेख हसीनाको कडाइका साथ सुरक्षित सरकारी निवास रहेको गणभवन दरबार अहिले क्रान्तिको सजीव साक्षीका रूपमा संग्रहालयमा रूपान्तरण हुँदैछ। सन् २०२४ अगस्ट ५ मा भएको ऐतिहासिक जनआन्दोलनपछि अपदस्थ भएकी हसीनाको १५ वर्षे शासनकालको स्मृति र जनताको आक्रोश यो नयाँ संग्रहालयमार्फत संरक्षण गरिँदैछ।

यस ऐतिहासिक परियोजनाको घोषणा स्वयं नोबेल शान्ति पुरस्कार विजेता तथा कार्यवाहक प्रधानमन्त्री मोहम्मद युनूसले गणभवनको निरीक्षणका क्रममा गरेका हुन्। उनले भने, 'संग्रहालयले हसीनाको कुशासन र जनताले उनलाई सत्ताबाट हटाउँदाको क्रान्तिको भावना सधैंका लागि जोगाउनेछ।'

**तानाशाहीको पतनपछि क्रान्तिको प्रतीक**

सन् २०२४ को क्रान्तिमा विद्यार्थीहरूद्वारा अगुवाइ गरिएको आन्दोलनले देशभरि खैलाबैला मच्चाएको थियो। सरकार अपदस्थ भएपछि हसीना हेलिकप्टरमार्फत भारत भागिन् र त्यसको केही घण्टामै हजारौं जनताले ढाकास्थित गणभवनमा धावा बोले। भीडले उनको शयनकक्षमा नाचगान गर्‍यो, भान्साको खानामा भोज गर्‍यो र उनले माछा पालेको पोखरीमा पौडी खेले।

भित्ताहरूमा लेखिएका नाराहरू अझै पनि संरक्षण गरिएका छन् – जसमध्ये एकमा 'स्वतन्त्रता!' लेखिएको छ भने अर्कोमा 'हामी न्याय चाहन्छौं।' कतिपय ठाउँमा लेखिएको छ- 'तानाशाह', 'हत्यारी हसीना'। यी सबैलाई संग्रहालयका अंशका रूपमा राखिएको छ।

**मानव अधिकार उल्लंघन र प्रतिरोधको इतिहास**

हसीनाको शासनकाल मानव अधिकार उल्लंघनले कीर्तिमान कायम गरेको थियो। आफ्ना विरोधीहरूको सामूहिक गिरफ्तारी, गैरन्यायिक हत्या र दमनको शृंखला चलाइएको थियो। संयुक्त राष्ट्रसंघका अनुसार, २०२४ को जुलाईदेखि अगस्टसम्म मात्र करिब १४ सय जना मारिए।

ढाकामा ७७ वर्षीया हसीनाविरुद्ध मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दा चलाइएको छ।

**क्रान्तिको इतिहासलाई जीवन्त बनाउने प्रयास**

संग्रहालयका क्युरेटर तन्जिम वहाबका अनुसार, यस स्थानलाई केवल इतिहासकै संग्रहालय बनाउने नभई शिक्षा, चेतना र लोकतान्त्रिक बहसको केन्द्र बनाउने उद्देश्य छ।

उनले भने, 'संग्रहालयमा हसीनाको शासनकालमा मारिएका प्रदर्शनकारीहरूको सामग्री, तिनका जीवनकथाहरू चलचित्र र तस्वीरमार्फत देखाइने छ।' साथै, सुरक्षाकर्मीहरूले हत्या गरेका सबैको नाम शिलालेखमा राखिनेछ।

एनिमेसन, अन्तरक्रियात्मक प्रदर्शनीहरू र विरोधीहरूलाई कठोर यातना दिन थुनिने साँघुरा कोठाहरु पनि संग्रहालयमा राखिनेछ।

**तानाशाहीका मूर्ति ढालिए**

गणभवनको संग्रहालयमा रूपान्तरणको क्रममा बंगलादेशभरि हसीनाको शासनसँग जोडिएका धेरै भौतिक प्रतीकहरू ध्वस्त पारिएको छ। प्रदर्शनकारीहरूले हसीनाका पिताका मूर्तिहरू भत्काए, तस्वीरहरू च्यातेर जलाए र यहाँसम्म कि शेख मुजीबुर रहमानको ऐतिहासिक घर (जसलाई हसीनाले आफ्ना पिताको सम्झनामा संग्रहालय बनाएकी थिइन्) एक्स्काभेटर प्रयोग गरेर भत्काइयो। भीडमा सहभागी २३ वर्षीय विद्यार्थी मुहिबुल्लाह अल मस्नुन भन्छन्, 'जब तानाशाही ढल्छ, त्यसका मूर्तिहरू पनि ढल्नुपर्छ। ती तानाशाहीका प्रतीक थिए।'

**लोकतान्त्रिक संक्रमणको चुनौती**

मोहम्मद युनूस नेतृत्वको कार्यवाहक सरकारले सन् २०२६ को सुरुवातमा चुनाव गराउने योजना राखेको छ। तर, ह्युमन राइट्स वाचका अनुसार, सरकार 'सुधार नगरिएको सुरक्षा क्षेत्र, धार्मिक कट्टरपन्थीहरू र बदला लिन केन्द्रित राजनीतिक समूहहरूबीच' फसेको छ।

ह्युमन राइट्स वाचका अनुसार, 'युनूस सरकार प्रतिशोधभन्दा माथि उठेर बंगलादेशी जनताको अधिकार सुरक्षित गर्ने दिशामा अघि बढ्नुपर्छ।'

गणभवन संग्रहालय अब केवल इतिहासको दस्तावेज होइन, यो बंगलादेशी जनताको संघर्ष, बलिदान र आशाको एक स्मारक हो। नयाँ पुस्ताले यहाँबाट लोकतन्त्र, स्वतन्त्रता र न्यायको महत्त्व बुझ्नेछन्।

# पाकिस्तानमा बाढीका कारण २९९ जनाको मृत्यु

**एजेन्सी, साउन १९**

पाकिस्तानमा निरन्तरको भारी वर्षा र त्यसपछिको बाढीले ठूलो जनधनको क्षति पुर्‍याएको छ। बाढीका कारण अहिलेसम्म १४० बालबालिकासहित कम्तीमा २९९ जनाको मृत्यु भएको पाकिस्तानी राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले जनाएको छ।

एनडिएमएका अनुसार जुन २६ देखि सुरु भएको मौसमी वर्षाले मुलुकभरि व्यापक विनाश ल्याएको हो। मृतकमध्ये १०२ पुरुष, ५७ महिला र १४० बालबालिका छन् भने घाइते ७१५ जनामध्ये २३९ बालबालिका, २०४ महिला र २७२ पुरुष रहेका छन्।

**एक हजारभन्दा बढी घर क्षतिग्रस्त**

डन समाचारपत्रका अनुसार बाढी र वर्षाका कारण १,६७६ घरहरू पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। साथै ४२८ गाईवस्तुको मृत्यु पनि भएको छ, जसले प्रभावित समुदायहरूलाई थप समस्यामा पारेको छ।

एनडिएमएले हालसम्म २८८० जनाको सफल उद्धार गरिएको जानकारी दिएको छ। २२३ वटा उद्धार अभियान सञ्चालन गरिएको छ भने प्रभावित क्षेत्रहरूमा लाइफ ज्याकेट, जनस्वास्थ्य किट, पाल, पानी तान्ने पम्प लगायत सामग्रीहरू वितरण गरिएको बताइएको छ।

७१ वटा अस्थायी शिविर स्थापना गरी चिकित्सा सहायता पनि उपलब्ध गराइएको छ।

**आगामी दिनमा थप जोखिम**

पाकिस्तान मौसम विभागले अगस्ट ४ देखि ७ सम्म उत्तरी क्षेत्रहरूमा भारी वर्षा र चट्याङको सम्भावना जनाएको छ।

खैबर पख्तुनख्वा, पञ्जाब, इस्लामाबाद र गिलगिट-बाल्टिस्तान लगायतका क्षेत्रमा बाढीको जोखिम उच्च रहेको पूर्वानुमान गरिएको छ।

बलुचिस्तान र सिन्ध प्रदेशमा पनि हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको जनाइएको छ।

**मनसुनको छैटौं चरणको चेतावनी**


पञ्जाब प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पीडीएमए) का महानिर्देशक इरफान अली काठियाले अगस्ट ५ बाट सुरु हुने मनसुनको छैटौं चरण निकै जोखिमपूर्ण हुने चेतावनी दिएका छन्।

उनले चेनाब र झेलम नदीहरूमा बाढी आउन सक्ने र लाहोर, अटक, फैसलाबाद, डेरा गाजी खान लगायत दर्जनौं जिल्लाहरू प्रभावित हुन सक्ने बताएका छन्।

मुर्री र गल्लियात जस्ता पर्यटकीय क्षेत्रमा रहेका कमजोर भवन र माटोका घरहरूमा संरचनात्मक क्षति हुने उच्च सम्भावना रहेको उल्लेख गरेको छ।

अगस्ट महिनामा जुलाईको तुलनामा अझ बढी वर्षा हुने पूर्वानुमान पनि गरिएको छ।



Nepal News
PUBLICATIONS PVT. LTD.

news 24 दैनिक

# हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले नयाँ दैनिक पत्रिका **न्युज 24 दैनिक** प्रकाशित गरेकोमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

BUSINESS ADVANTAGE PRIVATE LIMITED

Water Comm strategy+ design

FUTURE HUB MEDIA MULTIPURPOSE P. LTD.
फ्यूचर हब मिडिया मल्टिप्रपोज प्रा. लि.
Future Hub Media Multipurpose Pvt. Ltd.
Office Address :
Anamanagar-29, Yakata Marga, Kathmandu
Tel: 01-4102680, 9851143880, 9851073099
Email: futurehub2@gmail.com

max media
your in-house media partner
+977 1 526 83 77 / 526 83 78 +977 1 526 85 79
Maxmedia Pvt. Ltd., Maxmedia Villa, Chakupat Road
[Behind Patan Multiple Campus] G.P.O Box: 750
info@maxmedia.com.np www.maxmedia.com.np

Manaslu
Advertising & Media Pvt. Ltd.
Newplaza, Kathmandu, Nepal
Phone No : 01-4536965
Email : manasluad@gmail.com

JUPITER MEDIA
Jeetjung Marg, Thapathali, Kathmandu Nepal
Tel: 01-5581367
E-mail: jupitermedianepal@gmail.com
https://jupitermedianepal.com/

EVEREST AD. & EVENT MANAGEMENT
Tel: 015441875
Kupondole, Lalitpur, Nepal

HALLFAX MEDIA &COMMUNICATION
All Kinds of Advertising, Designing & Printing Solution
Putalisadak, Kathmandu, T: 01-4012577
E: mediahallfax@gmail.com
Authorised Display & Classified Counter
Jamal, Kathmandu, T: 01-5324181, 5345457
E: hallfaxcommunication@gmail.com

GREEN RIVER MEDIA PVT. LTD.
BHAKTAPUR, NEPAL
01-5918759,01-4770097
9851042043

avani

v-chitra

outreach Nepal

APPLE
Media & Advertising Pvt. Ltd

WELCOME
ADVERTISING & MARKETING

PRISMARK
AN ADVERTISING & MARCOM AGENCY

KEY ADVERTISING

Rainbow Media Pvt. Ltd.

Safal Media House Pvt. Ltd.
Safal biz link
सफल आवाज
www.safalawaj.com
Nayabazar, Pokhara : 061- 588913
Baluwatar, Kathmandu : 01- 4536211
www.safalawaj.com

BAHAR MEDIA PVT. LTD.
बहार मिडिया प्रा.लि.
Thapagaun, New Baneshwor, Kathmandu
9843509211, 9851026747, 9808082077
baharmedia17@gmail.com
budhadharm0@gmail.com
Our Services | Advertisement on all Daily Newspaper, Best Media Counseling, Complete Advertisement Products, Creative Designing & Printing...

PANAS
ADVERTISING MEDIA PVT.LTD.
Suryabinayak-3, Bhaktapur
Contact No.: 9851196637
E-mail:panasadmedia@gmail.com

KAROBAR MEDIA
KAROBARMEDIA Pvt.Ltd.
977-1-5232329 / 5232045
www.karobarmedia.com
karobarmedia@gmail.com
Kamaladi, Kathmandu, Nepal

prisma
ADVERTISING

anscreation
Partners in brand building

SUNMOON
Media Pvt. Ltd.
"Your Business Support for"

SUSHREE MEDIA

MARS

JOINMEDIA

Amrit Kumar Panthee
Managing Director
9851046267, 9841302442
CITY EXPRESS MEDIA PVT. LTD.
सिटी एक्सप्रेस मिडिया प्रा.लि.
Kalanki, Kathmandu-14, Bagmati, Nepal
+977-1-5234623
cityemedia@gmail.com, panthiamrit@gmail.com
www.cityhalkhabar.com, www.onnnepal.com

# पर्सामा जताततै डीप बोरिङ

मुस्कान श्रेष्ठ
वीरगंज, साउन १९

मधेशमा खानेपानीको हाहाकार भएपछि स्थानीय तहले जनताको मागअनुसार ठाउँ-ठाउँमा डीप बोरिङ गर्ने कार्य तीव्र पारेका छन्। पछिल्लो ३ वर्षमा पर्साको वीरगंज महानगरापालिकामा मात्रै ३०० भन्दा बढी डीप बोरिङ गरिएको छ। भूमिगत जलस्रोतको अवस्थाबारे स्पष्ट अध्ययन नगरी जथाभावी डीप बोरिङ गरे भविष्यमा पानीको संकटले भयावह रूप लिने भन्दै विज्ञहरूले चेतावनी दिएका छन्। तरपनि पर्सामा डीप बोरिङ जडान गर्नेकामरोकिएको छैन।

मधेश प्रदेशमा खानेपानी अभाव भएपछि स्थानीयको जनजीवन प्रभावित भएको छ। यस्तै, अन्नबाली खेतमै सुकेको छ। समस्याका समाधानका लागि भन्दै वीरगंज महानगरपालिकाले संघर प्रदेश सरकार तथा खानेपानी संस्थानको समन्वयमा ट्यांकरमार्फत पानी वितरण गर्दै आएको छ।

वीरगंजबाहेकका पालिकाहरूमा समेत पानी अभाव भएको स्थानमा डीप बोरिङ गरिँदै आएको छ। स्थानीय जनप्रतिनिधिहरूले विज्ञको सरसल्लाहबिना वा अध्ययन तथा अनुगमन नगरी जथाभावी डीप बोरिङ गर्दै आएका छन्। किसानहरूले समेत मोटरले पानी तान्न छाडेको भन्दै डीप बोरिङको माग गरिरहेका छन।

वीरगंज महानगरपालिकामा मात्रै पछिल्लो ३ वर्षमा २०७ वटा डीप बोरिङ गरिएको छ भने चालू आर्थिक वर्षमा ४० जडान गरिएको छ। एउटा डीप बोरिङ गर्न करिब ४ लाख रूपैया खर्च भएको महानगरले जनाएको छ। हालसम्म पालिकाले डीप बोरिङका लागि ९ करोड रूपैयाँ खर्च गरेको छ। वीरगंजको वडा नम्बर १, २, ३, १५, १६, २३र २४ मा ८२ जनाले महानगर मा अनुमति लिएर डीप बोरिङ गराएका छन्। जिल्ला प्रशासन कार्यालय पर्साले अनुमति लिएर मात्रै डीप बोरिङ गर्न पाउने व्यवस्था गरेको थियो।



तर अहिले कार्यविधि नभएको भन्दै प्रशासन पनि पछि हटेको छ। वीरगंज महानगरपालिकाको जनसंख्या २ लाख ७२ हजार ३ सय ८२ छ। एक व्यक्तिलाई दैनिक १२० लिटर पानी आवश्यक पर्ने तथ्यांकलाईअ आधार मान्दा वीरगंजमा दैनिक ३ करोड २६ लाख ८५ हजार ८ सय ८२ लिटर पानी खपत हुन्छ। तर खानेपानी संस्थानले दैनिक १ करोड ६४ लाख लिटर पानी उपलब्ध गराउँदै आएको छ। यसबाहेक जिल्ला प्रशासन कार्यालयले दैनिक एक लाख लिटर उपलब्ध गर ाउँदै आएको छ। अरु सबै पानी डीप बोरिङबाट खपत हुने गरेको छ।

यस्तै, संघर प्रदेश सरकार अन्तरगतको खानेपानी तथा ढल व्यवस्थापन कार्यालयले पनि डीप बोरिङ जडान गराएका छन्। संघ सरकार मातहतकाले गत वर्ष वीरगंजमा ८७ वटा, पर्सागढी नगरपालिकामा ७ वटा जडान गरेका थिए। यसका लागी साडे ७ करोड रूपैयाँ खर्च थएको थियो। यस्तै बारामा १५० वटा,रौतहटमा ५५ वटा जडान गरेको थियो। यस आर्थिक वर्षसमेत ६० वटाको जडान गर्ने तयारी छ। प्रदेश सरकारले पनि गत वर्ष वीरगंजमा ४ वटा जडान गरेको थियो। अहिलेसम्म पर्सा जिल्लामा ५०० भन्दा बढी डीप बोरिङ भइसकेको छ भने अझै केही जडान गर्ने प्रकृयामा छ।

यता कृषि वैज्ञानिक विश्वेश्वरप्रसाद यादवले अवैज्ञानिक ढंगले डीप बोरिङको जडान गरेकोमा चिन्ता व्यक्त गरेका छन्। यसरी तात्कालिन समस्याको समाधान भन्दै जथाभावी डीप बोरिङ गर्न विज्ञहरूले सुझाव दिएपनि सम्बन्धीत निकायले वास्ता गरेको छैन। तराई क्षेत्रमा पानीको पूनर्भरणको अवस्था, पानीको रि चार्ज सिस्टम, पानी सुक्नुको कारण के हो भन्ने विषयमा कसैले चासो व्यक्त गरेको छैन। वर्तमान कठिन परिस्थितिमा सरकारले वैज्ञानिक ढंगबाट यसको विकल्प खोज्नुपर्ने स्थानीय बुद्धिजीवीको भनाइ छ। पानी सुक्नुको प्रमुख कारण चुरे क्षेत्रको दोहनलाई मानिएको छ। जबकी, चुरे भावरको संर क्षणका लागी भन्दै सरकारले करोडौं रूपैयाँ खर्चदै आएको छ। यसको संरक्षणको अभावकै कारण तराई मरुभूमिमा परिणत हुने जोखिममा छ।

# डाँका र हत्या अभियोगमा ९ जना पक्राउ


प्रवेशकुमार मिश्र
सप्तरी, साउन १९

सप्तरीको सुरुंगा नगरपालिका-८ मलहनमा टोलमा डाँका समूहले घरभित्र पसेर गोली हानी हत्या गरेको घटनामा संलग्न ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। ४८ दिनको अनुसन्धानपछि उनीहरूलाई नियन्त्रणमा लिएको सोमबार पत्रकार सम्मेलन जिल्ला प्रहरी कार्यालय सप्तरीले सार्वजनिक गरेको छ।

सप्तरीको सुरुंगा नगरपालिका-८ मलहनमा कान्तलाल चौधरीको घरमा गत जेठ २३ गते डाँका समूह प्रवेश गरी लुटपाट र गोली हानी हत्या गरेको आरोपमा सप्तरी, सिराहा र उदयपुर जिल्लाका ९ जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

गए राति यसमा संलग्न दिपक मरिकलाई सप्तरी प्रहरीले पक्राउ गरेपछि सोमबार उनी सबैजनाको नाम सार्वजनिक गरेका छन्। पक्राउ पर्नेमा सुरुङ्गा-८ का राजेश कुमार मरिक, संजय मरिक, बोदेबर्साइन-२ का दिपेन मरिक, खडक-११ का, हरिकिसुन मरिक, शम्भुनाथ-८ का दिपक मरिक, उदयपुर बेलका-१ का चन्दर मरिक, सुरुङ्गा-७ का राजु कुमार विक, सिराहाको लहान-६ का महेन्द्र गोड्से र लहान-८ का उमेश साह सोनार रहेका छन्।

घटनाको राति लुटपाट गर्ने क्रममा मृतक चौधरीले डाँकाहरूसँग प्रतिकार गर्दै आफूले उनीहरूलाई चिनेको बताएका थिए। सो प्रतिकृया चौधरीकी श्रीमतीले सुनेकी थिइन्। सोही आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी गौतम कुमार केसीले बताए।




## कुलिङ पिरियडमा...

तर, त्यसबीचबाट पनि मध्यमार्गी बाटो खोज्ने तयार ीमा सांसदहरू रहेको स्रोतले जनाएको छ। सोमबार नै एउटै प्रतिवेदन तयार पारेर मंगलबारको प्रतिनिधिसभा बैठकमा पेस गर्ने तयारी भइरहेको छ। यदि त्यसो हुन नसकेमा दुईवटा भए पनि प्रतिवेदन तयार पार्नेमा समितिका सदस्यहरू तयार छन्।

प्रतिवेदन बुझाउने समय आइतबार नै सकिएको छ। प्रतिवेदन सोमबारको प्रतिनिधिसभा वैठकमा पेस हुने भनिए पनि विवादका कारण हुन सकेन।

प्रतिनिधिसभाले निजामती सेवा विधेयकमा व्यवस्था गरिएको कुलिङ पिरियड सम्बन्धी विषय हेरफेर गरिएको थियो। त्यसपछि सार्वजनिक रूपमै निकै विवाद भएको थियो। कुलिङ पिरियड राखिएको विधेयकमा कसले शब्द थप्यो भन्ने विषयमा छानबिन गर्न असार २३ गते संसदीय छानबिन समिति गठन भएको थियो।

प्रतिवेदनले आगामी दिनमा यस्ता खालका लापर्वाही हुन नदिनेगरी प्रतिवेदनमा समावेश गरिने बताइएको छ। विधेयकमा कुलिङ पिरियडलाई गडबडी गर्नुलाई छानबिन समितिले मानवीय त्रुटि मानेको पनि स्रोतले जनाएको छ। आगामी दिनमा हुने यस्तै खालका त्रुटिलाई कसरी सम्बोधन गर्नेगरी प्रतिवेदनमा समावेश गरिनेछ।

विशेष छानबिन समिति गठन गर्दा सभामुख देवराज घिमिरले २१ दिनको समय दिएका थिए। समितिले तोकिएको समयमा काम गर्न नसकेपछि साउन ९ मा एक साताको समय थपिएको थियो।

प्रतिनिधिसभा अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीका लागि राजीनामा वा अवकाशपछि दुई वर्ष कुलिङ पिरियडको प्रावधान नै हटाउनेगरी शब्द समावेश गरिएको थियो। कुलिङ पिरियड नराख्न बहालवाला मुख्यसचिव, सचिवले निकै जोडबल गर्दै आएका थिए। संसदमा निकै चर्चाको विषय बनेको कुलिङ पिरियड विधेयकमा राख्नुपर्ने अडानलाई सांसदहरूले कायम राखेका थिए।

छानबिन समिति कांग्रेस र एमालेबाट दुई-दुईजना र माओवादी केन्द्र, रास्वपा र राप्रपाबाट एक-एक जना गरी गठन गरिएको थियो। समितिमा कांग्रेसको प्रतिनिधित्व गर्ने सांसदहरू जीवन परियार र सुशीला थिङ सदस्य छन्। त्यसैगरी एमालेबाट ईश्वरी घर्ती र नारायणप्रसाद आचार्य सदस्य छन्। माओवादी केन्द्रबाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की सदस्य छन्।

२०८० फागुन २१ मा 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०' संसदमा दर्ता भएको थियो। विधेयकमा छलफल भएपछि राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीका लागि २ वर्ष कुलिङ पिरियडको प्रावधान राखेको थियो। 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन' विधेयकमा राखिएको थियो। पछि विधेयक प्रतिनिधिसभाबाट पारित भइसकेपछि कुलिङ पिरियडको प्रावधान सुटुक्क हटाइएको खुलेको थियो।

## गण्डकीमा मगर र गुरुङ भाषासम्बन्धी विधेयक प्रमाणीकरण

पोखरा (संवाददाता)- गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले प्रदेश सभाबाट पारित भई आएका दुई वटा विधेयक संविधानको धारा २०१ को उपधारा (२) बमोजिम आज (सोमबार) प्रमाणीकरण गरेका छन्।

गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकप्रमाणीकरण गरिएको हो।

गत १२ गते प्राप्त भएको पत्र सोमबार प्रमाणीकरण भएको प्रदेश प्रमुख कार्यालयका सहायक प्रवक्ता सीता सापकोटा सुवेदीले जानकारी दिए। आदिवासी जनजाति आयोगले गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सिफारिस गरेको थियो।

२०७८ को जनगणना अनुसार गण्डकी प्रदेशको जनसंख्या २४ लाख ६६ हजार चार सय २७ छ। त्यसमध्ये चार लाख ६४ हजार तीन सय १० (१८.८ प्रतिशत) मगर र दुई लाख ७२ हजार दुई सय ७० (११ प्रतिशत) गुरुङ समुदायका छन्।






हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले

दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताकोहार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

SHREE SWASTIK SUPPLIERS

GPO Box No: 12215, Kapan-5, Kathmandu
Ph: 01-4374967, 6202248

# प्रिज्मा एड्भर्टाइजिङलाई 'ब्रान्डलरेट बेस्ट ब्रान्ड्स अवार्ड'

काठमाडौं (संवाददाता) - प्रिज्मा एड्भर्टाइजिङले ब्रान्डलरेट स्पेसल लिमिटेड एडिसन बेस्टब्रान्ड्स अवार्ड २०२५ जितेको छ। प्रिज्माले ब्रान्ड इन्फ्लुएन्सर क्रिएटिभ एन्ड ब्रान्डिङ सोलुसन्स श्रेणीमा सम्मान प्राप्त गरेको हो। यो अवार्डले एजेन्सीको रणनीतिक ब्रान्डिङ र सांस्कृतिक रूपमा प्रभावशाली कथावस्तु निर्माणमा अग्रणी भूमिकाको कदर गरेको छ।




यो सम्मान ३१ जुलाई २०२५ मा सिंगापुरको सांग्रीला होटलमा आयोजित समारोहमा प्रदान गरिएको थियो। प्रिज्मा एड्भरटाइजिङका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत रञ्जित आचार्य र महाप्रबन्धक शरद शाहीले एजेन्सीका तर्फबाट सम्मान ग्रहण गरेका थिए।

विश्व ब्रान्ड्स फाउन्डेसनद्वारा आयोजित ब्रान्डलरेट अवाड्र्सले विश्वका सबैभन्दा प्रतिष्ठित, प्रभावशाली र प्रभावकारी ब्रान्डहरूलाई सम्मानित गर्दै आएको छ। रचनात्मकता, रणनीति र दीर्घकालीन ब्रान्डको पहिचान, मूल्य र प्रतिष्ठामार्फत् उद्योगलाई पुनर्जनन् गर्ने विश्वव्यापी ब्रान्ड लिडरहरूलाई फाउण्डेशनले आफ्नो वार्षिकोत्सवको अवसरमा सम्मान गर्दै आएको छ।

अन्तर्राष्ट्रियस्तरको मनोनयन-हरूको प्रतिस्पर्धात्मक क्षेत्रबाट छनोट भएको प्रिज्माले आफ्नो ब्रान्ड प्रभाव र नवीन रचनात्मक रणनीतिका लागि विशिष्ट पहिचान बनाएको छ। सो कार्यक्रममा प्रिज्मा एड्भर्टाइजिङका प्रमुख कार्यकारी अधिकृत रञ्जित आचार्यले यो अवार्ड आफ्नो टिमको निरन्तर मेहनत, सिर्जनात्मक सोच र नेपाली ब्रान्डलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने अठोटको प्रमाण भएको बताए।

प्रिज्मा एड्भर्टाइजिङ ब्रान्डलरेट अवाड्र्सबाट मान्यता प्राप्त गर्ने पहिलो नेपाली कम्पनी भएको छ। यो अवार्डले विगतमा कोका-कोला, नेस्ले, युनिलिभर, सामसङ इलेक्ट्रोनिक्स, टोयोटा, आइबीएम र जिमी चू जस्ता विश्व सम्मानित व्यापार, रचनात्मकता र संस्कृतिका नामहरूलाई सम्मानित गरेको छ।




# नेपाली बजारमा भित्रियो जिलीको इएक्सफाइभ इभी

काठमाडौं (संवाददाता) - चीनको पहिलो निजी स्वामित्वको र सबैभन्दा ठूलोमध्येको एक जिली अटो होल्डिङ ग्रुपले उत्पादन गरेको जिली इएक्सफाइभ सिरिज नेपाली बजारमा भित्रिएको छ। आधिकारिक बिक्रेता एलआरआर मोटर्सले नाडा अटो सो २०२५ लाई लक्षित गरी यो गाडी बजारमा ल्याएको हो।

एलआरआर मोटर्सलले जिली इएक्सफाइभ प्रो र जिली एक्सफाइभ म्याक्स भित्राएसँगै उत्पादनको छोटो समयभित्रै विश्वव्यापीरूपमा चर्चा बटुल्न सफल यी गाडीहरूमाथि नेपाली उपभोक्ताको पहुँच सुनिश्चित भएको हो। नेपाली ईभी बजारमा डिजाइन, प्रविधि, ब्याट्री क्षमता र मूल्यको दृष्टिले यो गाडी उपयुक्त भएको कमपनीको दाबी छ। यी मोडलहरू स्नो-ह्वाइट, फ्रोस्टी ग्रे, मूनलाइट सिल्भर, कार्बन ब्ल्याक र टुर्क्वोइज ग्रीन गरी ५ आकर्षक रङमा उपलब्ध छन्।

यी दुवै मोडलमा ६०.२ किलोवाट/घण्टा क्षमता भएको एलएफपी सर्ट ब्लेड ब्याट्री प्रयोग गरिएको छ। अन्य सामान्य सर्ट ब्लेड ब्याट्रीभन्दा सुरक्षा, ऊर्जा घनत्व, प्रभावकारीता र दिगोपनाको दृष्टिकोणले उच्चस्तरीय मानिन्छ।

गाडी निर्माता जिली होल्डिङ ग्रुप आफैंले उत्पादन गरेको यो ब्याट्रिले एट (आठवटा) निडल परीक्षण पास गरेसँगै संसारकै पहिलो वाटर, फायर र



बुलेट प्रुफ प्रमाणित यस ब्याट्रिको आयू ३५ सय चार्ज रिसाइकल (लगभग १० लाख किलोमिटर अथवा ५० वर्ष) रहेको छ।

यो अहिले उपलब्ध अन्य कुनै पनि ब्याट्रिको क्षमताभन्दा अधिक हो। साथै, आधिकारिक आयातकर्ता एलआरआर मोटर्सले जिलीका गाडीहरूको ब्याट्रीमा ८ वर्ष वा २ लाख किलोमिटरसम्म वारेन्टी समेत दिएको छ।

यी दुवै मोडलमा जडान गरिएको १६० किलोवाट (२१५ हर्सपावर) क्षमताको मोटरले शून्य देखि १०० किलोमिटर/घण्टाको गति ६.९ सेकेन्डमै पूरा गर्न सक्ने क्षमता राख्ने आयातकर्ताको दाबी छ।

यसमा सिएलटिसी परीक्षण अनुसार ५३० किलोमिटर र डब्लूएलटीपी मापन अनुसार ४३० किमीसम्मको माइलेज रहेको कम्पनीले जनाएको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले

दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

RYCON GROUP

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले

दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

RAJESH HARDWARES
SOLID COMMITMENT

# बुढीगण्डकी अर्धजलाशय आयोजनामा लगानी जुट्यो
## वित्तीय व्यवस्थापन सम्झौता हुँदै

**धना ढकाल**
**काठमाडौं, साउन १९**

निजी क्षेत्रले स्वदेशी लगानीमा गोरखाको चुम नुब्री र धार्चे गाउँपालिकामा निर्माण गर्न लागेको ३४१ मेगावाटको बुढीगण्डकी अर्धजलाशय जलविद्युत् आयोजनाका लागि लगानी जुटेको छ। टाइम्स इनर्जी प्रालिले निर्माण गर्न लागेको आयोजनामा बैंक तथा वित्तीय संस्थाबाट हुने लगानी व्यवस्थापनको टुंगो लागेको हो।

आयोजनामा १० वटा बैंकले ५२ अर्ब ५० करोड रुपैयाँ ऋण लगानी गर्ने सहमति बनेको कम्पनीका अध्यक्ष हिम पाठकले जानकारी दिए। आयोजनाको प्रवर्द्धक कम्पनी र लगानीकर्ता बैंकहरूबीच बिहीबार (साउन २२ गते) वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर हुँदैछ। राजधानीमा औपचारिक कार्यक्रम गरी सम्झौता गर्न लागिएको पाठकले जानकारी दिए।

आयोजनामा नेपाल इनभेष्टमेन्ट मेगा बैंकले अगुवाइ गर्दैछ भने नबिल बैंक, लक्ष्मी सनराइज बैंक र ग्लोबल आइएमई बैंकले सह-अगुवाइ गर्दैछन्। माछापुच्छ्रे बैंक, सिटिजन्स इन्टरनेशनल बैंक, नेपाल पूर्वाधार बैंक, प्रभु बैंक, कृषि विकास बैंक र सरकारी स्वामित्वको हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट डेभलपमेन्ट कम्पनी -एचआईडीसीएल)ले सह-वित्तीयकरण गर्ने सहमति बनेको पाठकले बताए।

आयोजना निर्माण सम्पन्न गर्न ७० अर्ब रुपैयाँ लागत लाग्ने अनुमान गरिएकोमा बैंकहरूले गर्ने लगानी कूल लगानीको ७० प्रतिशत (५२.५० अर्ब रुपैयाँ) हुनेछ।






प्रवर्द्धक कम्पनीको तर्फबाट कूल लागतको २५ प्रतिशत हुन आउने १७ अर्ब ५० करोड रुपैयाँ बराबरको लगानी हुनेछ।

यसअघि, ८६ मेगावाटको सोलुदूधकोशी आयोजनामा लगानी गरेको समूहले नै यो आयोजना निर्माण गर्न लागेको हो। यस्तै सोलुदूधकोशी आयोजनाको प्रवर्द्धक साहस ऊर्जाले पनि स्वपुँजी लगानीको ५१ प्रतिशत हुन आउने ८ अर्ब ९२ करोड ५० लाख रुपैयाँ लगानी गरेको पाठकले जानकारी दिए।

बुढीगण्डकी अर्धजलाशय निजी क्षेत्रले स्वदेशी लगानीमा निर्माण गर्न लागेको अहिलेसम्मकै ठूलो आयोजना हो। साहस ऊर्जाले दीपक मल्होत्राले सुरुमा अनुमतिपत्र लिएको यो आयोजना खरिद गरी स्वामित्वमा लिएर निर्माण प्रक्रियामा लागेको हो।

आयोजनाको सम्पूर्ण अध्ययन पूरा भइसकेकोछ। आयोजना स्थलमा अहिले पूर्वतयारीका कामहरू भइरहेका छन्। यही वर्षभित्र आयोजनाको संरचना निर्माणको काम सुरु गर्ने तयारी भइरहेको कम्पनीले जनाएको छ।

गोरखाको धार्चे गाउँपालिकाको वडा नम्बर-१ र ३ तथा चुमनुब्री गाउँपालिकाको वडा नम्बर-३ मा आयोजनाको मुख्य संरचना निर्माण गरिनेछ। आयोजनाको कूल हेड ३९८ मिटर रहनेछ। आयोजनाको मुख्य संरचना बुढीगण्डकी नदीको दायाँ किनारमा निर्माण हुनेछन्।


आयोजनाको सबै संरचना निर्माण गर्न ५६.२२ हेक्टर जग्गा अधिग्रहण गर्न'पर्नेछ। आयोजनामा ५.८ किलोमिटर लामो मुख्य सुरुङ निर्माण गरिनेछ।

विद्युत् विकास विभागले २०८० पुस ५ गते कम्पनीको नाममा उत्पादन अनुमतिपत्र जारी गरिसकेको छ। आयोजना निर्माण सम्पन्न गरी २०८५ चैतदेखि विद्युत् उत्पादन गर्ने कम्पनीको योजना छ।

अर्धजलाशय प्रकृतिको यो आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आउँदा सुख्खा याममा पनि दैनिक ५ घन्टासम्म पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकिनेछ। आयोजनाको विद्युत्गृह भूमिगत हुनेछ।

भूमिगत विद्युत्गृहमा ५७ मेगावाटका ६ वटा उत्पादन युनिट रहने छन्। आयोजनाले वार्षिक १८३७.१६ गिगावाट घन्टा विद्युत् उत्पादन गर्नेछ। आयोजनाले उत्पादन गर्ने विद्युत मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) अन्तर्गत निर्माण हुने ४०० केभी रातमाटे सबस्टेसनमा जोडिनेछ।




# सुजुकीको मनसुन फ्री सर्भिस क्याम्प

काठमाडौं (संवाददाता)- नेपालका लागि सुजुकी गाडीको आधिकारिक बिक्रेता तथा सीजी होल्डिङ्स्को अटोमोबाइल डिभिजन सीजी मोटोकर्पले आइतबारदेखि मंगलबारसम्म मनसुन फ्री सर्भिस क्याम्पको आयोजना गरेको छ।




लगातार भइरहेको वर्षाका कारण गाडीमा विविध प्रकारका समस्या देखिन सक्ने सम्भावना रहन्छ। यदि यस्ता समस्यामा समयमै ध्यान दिइएन भने गाडीमा दीर्घकालीन असर पर्न सक्ने सम्भावना हुन्छ। सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुजुकीले ग्राहकको सुरक्षालाई प्राथमिकता दिँदै विशेष मनसुन सर्भिस क्याम्प सञ्चालन गरेको हो।

क्याम्पमार्फत ग्राहकहरूलाई आफ्ना गाडीको निःशुल्क जाँच, विशेष छुटसहितको मर्मत सेवा र विशेषज्ञद्वारा मौसमको प्रकोपलाई कसरी कम गर्न सकिन्छ भनेर सल्लाह पनि उपलब्ध गराइने जनाइएको छ। कम्पनीले सुजुकी ग्राहकहरूलाई अवसरको लाभ लिन आग्रह पनि गरेको छ।

सर्भिस क्याम्प अवधिभर सुजुकीका ग्राहकले गाडीको सर्भिसमा आकर्षक छुट र अन्य अफर पाउनुका साथै ३ जना भाग्यमानीले आकर्षक सर्भिस प्याकेज पनि जित्न सक्ने कम्पनीद्धारा जारी विज्ञप्तिमा उल्लेख छ।

सर्भिस क्याम्पमा ग्राहकले निःशुल्क एसी/हिटर चेक, ब्याट्री चेक र ओभरअल चेकअपको सुविधा पाउने छन्। त्यसैगरी एसडीटी डायग्नोसिस र ह्वील एलाइनमेन्टमा ५० प्रतिशत सम्मको छुट पाउने छन्। मर्मत शुल्कमा २० प्रतिशत सम्मको छुट, स्पेयर पार्टस् र इन्जिन आयलमा १० प्रतिशत सम्मको छुट व्यवस्था छ।

सुजुकीले मनसुन फ्री सर्भिस अन्तर्गत उपलब्ध गराउने सेवाबाट ग्राहक लाभान्वीत हुने र मौसमको प्रकोपबाट हुने क्षती कम गर्न ग्राहकलाई सहज हुने कम्पनीले जनाएको छ। कम्पनीले उपलब्ध गराएको छुट र अन्य अफरले ग्राहकलाई अझबढी लाभान्वीत गराउने कम्पनीको दाबी छ। सुजुकीले सँधै ग्राहकको सुरक्षालाई प्राथमिकता राखेर आफ्नो सेवालाई थप प्रभावकारी बनाउँदै आएको छ।

मनसुन फ्री सर्भिस क्याम्पको सेवा देशभरका सुजुकी सर्भिस सेन्टरमा उवलब्ध रहेको कम्पनीले जनाएको छ।

हाल देशभर ५४ स्थानमा सर्भिस आउटलेट रहेको सुजुकी नेपालकै ठूलो सर्भिस सञ्जाल रहेको कम्पनीको रुपमा स्थापित भएको छ।




### कुलमानको कटाक्ष
# काम गर्न नजान्दा विद्युत् आपूर्तिमा समस्या

अस्टिन (अमेरिका)- नेपाल विद्युत् प्राधिकरणका निर्वतमान कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणको अहिलको नेतृत्वले राम्रो व्यवस्थापन गर्न नसक्दा विद्युत् आपूर्तिमा समस्या आएको आरोप लगाएका छन्। अहिले अमेरिका भ्रमणमा रहेका घिसिङले अस्टिनबासी नेपाली समुदायले गरेको कार्यक्रममा बोल्दै अधिक विद्युत् उत्पादन भइरहेको समयमा पनि प्राधिकरण नेतृत्वले व्यवस्थापकीय क्षमता देखाउन नसकेको आरोप लगाएका हुन्। उनले असक्षम नेतृत्वकै कारण देशभरी विद्युत् आपूर्तिमा समस्या आएको बताए।

'नयाँ व्यवस्थापन आएपछि विगतमा सुरु गरिएको सही व्यक्तिलाई सही ठाउँमा लत्याएर राम्रो काम गरिरहेकालाई कुलमानका मान्छे भन्दै जिम्मेवारीबाट हटाउन सुरु गरियो,' उनले भने, 'देशभरिका विद्युत् प्रणाली सञ्चान गर्ने भार प्रेषणजस्तो संवेदनशील ठाउँको प्रमुखलाई हटाइयो अहिले चल्दै नचल्ने अवस्था आएपछि पुनः उही व्यक्तिलाई लैजानुपर्ने अवस्था आयो। यही कारण अहिले देखिएको विद्युत् आपूर्तिको समस्या व्यवस्थापकीय कमजोरीले भएको हो।'

उनले विद्युत् वितरण प्रणालीमा अहिलेको समस्या आउनु व्यवस्थापनको पूर्ण असफलता भएको पनि दाबी गरेका छन्।

एशियाली विकास बैंकको सहायतामा निर्माण गर्न लागिएको ६७० मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनाको लगानी जुटाउनुभन्दा पहिलाको काम अन्तिम चरणमा पुगिरहेको अवस्थामा अहोरात्र खटिरहेका कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई हटाएर प्राधिकरण व्यवस्थापनले आयोजनालाई अन्यौलमा पार्ने काम गरेको पनि आरोप लगाए।

उनले विगतमा घाटामा रहेको विद्युत् प्राधिकरणलाई नाफामा लगेको, देशभरका ९८ प्रतिशत बढी घरमा विद्युत्को पहुँच पुऱ्याएको, विगतमा लोडिसेडिङको समयमा डिडिकेटेट तथा ट्रंक लाइनबाट विद्युत् लिएका औद्योगिक ग्राहकको प्रिमियम महसुल बक्यौता उठाउन प्रयास गरिरहेको अवस्थामा सरकारले अपमानपूर्वक आफूलाई हटाएको जिकिर गरे।

लोडसेडिङ अन्त्य कुनै जादु नभएर प्राधिकरणको कार्यकारी निर्देशकको दायित्व इमानदारपूर्वक निर्वाह गर्दा सम्भव भएको बताए।



news 24 समाचार

मंगलबार, २० साउन, २०८२
Tuesday, 5 August, 2025

# मुगुमा जनैपूर्णिमा मेला सुरु

दानबहादुर बुढा,
मुगु, साउन १९

मुगु जिल्लाको पूर्वीय भेगमा पर्ने मुगुम कार्मारोंग गाउँपालिका वडा नम्बर १ मा रहेको छायाँनाथ धाम विश्वका चार बद्रीनाथ, मुक्तिनाथ, पशुपतिनाथमध्येको ठूलो धामका रूपमा स्थापित छ।

छायाँनाथ धाममा महादेवकी पत्नी सत्यदेवीको मृत्युपछि शरीर कुहाउन विष्णु शक्तिले भिंगा उत्पादन गरी मृत शरीर गलेर अन्तिम अंग छायानामा पतन भएको हुदा त्यस ठाँउलाई विश्वकै ठूलो धाम छायाँनाथ तीर्थस्थलका रूपमा हिन्दु धमालम्बीहरूले मान्दै आएका छन्।

कर्णाली र सुदूरपश्चिम प्रदेशबाट हजारौंको संख्यामा भक्तजहरू आउने छायाँनाथ धाममा मेला शुरु भएको छ। जनै पूर्णमाको अवसरमा यस छायाँनाथ धामको दर्शन गरे पाप कट्ने, मनोकामना पूरा हुने धार्मिक मान्यता र जनविश्वास छ। कर्णाली नदीको उद्गमस्थल मुगु जिल्लाको करान भेगमा अवस्थित छायाँनाथ धाम धार्मिक इतिहासको धरोहर मानिन्छ। छायाँनाथमा बाह्रै महिना चिसो र हिउँ जम्ने भएकाले जनैपूर्णिमा लगायत बाँकी दिन छायाँनाथको मुख्य मुक्ति मुगु जिल्लाको रारा नगरपालिका-२ चैन गाउँमा रहने गर्दछ। समुद्री सतहदेखि करिब ४५ सय मिटर उचाइको हिमरेखामा रहेको छायाँनाथ मन्दिरभन्दा माथि शिव, पार्वती र विष्णुको मूर्ति अंकित गुफा छन्। यसको अवलोकन पनि भक्तजनहरूका लागि निकै आकर्षक मानिन्छ।

हरेक बर्ष श्रावण शुक्लपक्ष, अष्टमी तिथीका दिन जिल्लाको प्रसिद्ध देवता छायाँनाथ मन्दिरमा रहेको छायाँनाथ ठाकुरज्यूको मूर्ति पवित्र धाम छायाँनाथमा नुहाउन लगिएसगै छायाँनाथ धाम तिर्थ यात्रा सुरु भएको मानिन्छ। जनैपूर्णिमामा छायाँनाथमा ५ दिनसम्म पूजापाठ, होम व्रत हुने गर्दछ भने त्यसमा वरदान माग्न १५ जिल्लाभन्दा बढी जिल्लाबाट तीर्थालुको ओइरा लाग्ने गर्छ। उक्त छायाँनाथ मन्दिरमा जाने तीर्थालुहरूले श्राद्ध, होम, व्रतबन्ध, र आफूले चिताएको वरदान मागेर फिर्ता हुने गरेका छन्। कर्णाली नदीको उद्गमस्थल मुगु जिल्लाको करान भेगमा अवस्थित छायाँनाथ धाम धार्मिक इतिहासको धरोहर मानिन्छ। कर्णाली जिल्लाकै धार्मिक शक्तिपीठका रूपमा रहेको धार्मिक पर्यटकीय क्षेत्र छायाँनाथ पुग्नको लागि अफ्ठ्यारो जोखिमपूर्ण बाटो, बास बस्नका लागि धर्मशाला नहुँदा व्रतालुहरू जोखिम मल्नुपर्ने भएको छ।




# नयाँ घर बनाइदिने आश्वासनपछि हायु परिवार सिन्धुली फर्किए



सुमन ढुंगाना र राजु गिरी
कास्की, साउन १९

एक साताअघि एकाएक बेपत्ता भएका सिन्धुलीका हायु परिवार पोखरामा त फेला परे तर घर नफर्कने भन्दै आफ्नो अडान राख्दै आएका थिए। यस्तैमा, वडा अध्यक्षले नयाँ घर बनाएर सार्ने आश्वासन दिएपछि अन्ततः हायु परिवार सिन्धुली फर्कन तयार भए र उनीहरू सोमबार नै फर्किए।

नेपाल सरकारको लोपन्मुख सूचीमा रहेका हायु जातिका एक परिवार गत साउन ११ गते सिन्धुलीको गोलन्जोर गाउँपालिका वडा नम्बर ६ छेत्पाबाट परिवारका १९ जना सदस्य नै बेपत्ता भएका थिए। उनीहरूको बेपत्ताको खबरले एकैछिनमा देश पिट्यो र सुरक्षा चुनौतीको विषय पनि बन्यो। अन्ततः उनीहरू पोखराको गगनगौडाबाट फेला परे।

सरकारले दिने भत्ता बुझेर एकाएक पोखरा आएका उनीहरू कहिले पनि सिन्धुली नफर्कने अडानमा थिए। जे काम पाइन्छ पोखरामै गर्ने उनीहरूले बताएपछि पोखरा महानगरपालिकाले पनि उनीहरूलाई सुहाउँदो कामको खोजी गर्दै थियो। यता, उनीहरूलाई सिन्धुली नै फर्काउन गोलन्जोर गाउँपालिका वडा नम्बर ६ का अध्यक्ष रविन श्रेष्ठ पोखरा नै आए। लामो समयको वार्तापछि उनीहरू वडाध्यक्ष श्रेष्ठसँगै आफ्नै पुर्ख्यौली थाकथलो सिन्धुलीको गोलन्जोर फर्कन तयार भएका हुन्।

पोखराको गगनगौडा स्थित सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा आश्रय लिइरहेका हायु परिवार पुरानो घरमा रहँदा बिरामी भइरहने र धामीले त्यहाँ नबस्ने भनेपछि पोखरा आएका थिए। वडा अध्यक्षले नयाँ घर बनाइदिने र रोजगारीको समेत सिर्जना गरिदिने प्रतिबद्धता दिएपछि उनीहरू सोमबार नै सिन्धुली फर्किएका छन्। अर्को व्यवस्था नहुँदासम्म उनीहरूलाई वडाध्यक्ष श्रेष्ठकै अर्को घरमा राख्ने र तत्काल नै अर्को बासस्थानको खोजी गर्ने गरी काम अगाडि बढाएको गोलन्जोर गाउँपालिका वडा नम्बर ६ का अध्यक्ष रबिन श्रेष्ठ बताउँछन्।

परिवार धान्नकै लागि लिएको ऋण तिर्ने विषयमा समेत वडाले सहजीकरण गरिदिने भएपछि हायु परिवार जन्मथलो फर्कन तयार भएको हो। यता लोपन्मुख जाति अझ त्यसमा पनि पुरै परिवार नै पोखरा आएर आफ्नो बलबुताले भ्याएसम्म काम गर्ने जनाएपछि पोखरा महानगरपालिकासहित विभिन्न सामाजिक संघसंस्थाले उनीहरूको रेखदेख गर्ने विषयमा काम अगाडि बढाएका थिए। तर, अहिले उनीहरू आफ्नै गाउँ फर्किन्छु भनेपछि पोखरा महानगरपालिकाले नै सिन्धुली जानको लागि बसको व्यवस्था गरेर पोखरा वडा नम्बर ३० बाट उनीहरूलाई बिदा गरिएको पोखरा महनारपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिए।

सरकारले दिएको भत्ता लिएर बिना जानकारी एकाएक बेपत्ता हुनु र त्यसभित्रका रहस्यका विषयमा थप अनुसन्धानले प्रष्ट पार्दै जाला, तर लोपन्मुख र समस्याग्रस्त परिवार भएकै कारण गाउँ छोड्नुपर्ने बाध्यता भने अवश्य नै हट्नुपर्छ। हायु परिवारको खोजी, उनीहरूको उद्धार र आवश्यक सहयोग गर्ने र गाउँ फर्काउने विषयमा सिन्धुलीको गोलन्जोरका जनप्रतिनिधि र पोखराका मेयरसहित पोखरा- ३० को सक्रिय भूमिका थियो।







## अन्नपूर्ण क्षेत्रमा पर्यटक बढे

कास्की (संवाददाता)- विश्वकै उत्कृष्ट पदयात्रा गन्तव्यका रूपमा परिचित अन्नपूर्ण संरक्षण क्षेत्रमा गत आर्थिक वर्षमा विदेशी पर्यटकको आगमनमा २५ प्रतिशतले वृद्धि भएको छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिले भरिपूर्ण यस क्षेत्रप्रति आन्तरिक र बाह्य दुवै पर्यटकको आकर्षण बढ्दो रहेको देखिएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार आर्थिक वर्ष २०८०/८१ मा २ लाख २२ हजार एक सय ८० जना विदेशी पर्यटकले भ्रमण गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा यो संख्या बढेर दुई लाख ७८ हजार एक सय १३ पुगेको हो।

आयोजनाका प्रमुख डा. रविन कडरियाले भने, 'एक वर्षमा ५५ हजार एक सय ३३ पर्यटक थपिएको तथ्यांकले अन्नपूर्ण क्षेत्रप्रतिको चासो बढेको देखिन्छ।'

सबैभन्दा बढी पर्यटक चैत महिनामा (४४,९७७) अन्नपूर्ण क्षेत्रमा पुगेका थिए। दक्षिण एसियाली मुलुकहरूबाट मात्र एक लाख ५७ हजार सात सय ८६ र अन्य मुलुकबाट एक लाख २० हजार तीन सय २७ पर्यटक आएको तथ्यांक छ। विश्व प्रसिद्ध पदमार्ग भएकाले संसारभरिका पदयात्री अन्नपूर्ण क्षेत्रबाट आकर्षित छन्।

असोजदेखि मंसिर र चैतदेखि साउनसम्मको समयलाई प्रमुख पदयात्रा मौसम मानिन्छ। यस याममा धार्मिक तथा प्राकृतिक भ्रमणमा आउने पर्यटकको संख्या उल्लेख्य हुनेगरेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मुक्तिनाथ भ्रमणपछि भारतीय पर्यटकको आकर्षण झन् बढेको र व्यवस्थित व्यवस्थापन गरिएमा अझै पर्यटन बढ्ने ट्रेकिङ व्यवसायीहरू बताउँछन्। ट्रेकिङ एजेन्सिज एशोसिएसन गण्डकीका अध्यक्ष कृष्ण आचार्यका अनुसार, 'अन्नपूर्ण पदमार्ग वर्षात् र जाडोमा केही शिथिल भएपनि बाँकी समय आन्तरिक तथा बाह्य पर्यटकले भरिने गर्छ।' ७६०० सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङ जिल्लाका १५ स्थानीय तहका ८७ वडाहरू पर्छन्।



# शेयरबजार १६ अंकले बढ्यो

news24
**काठमाडौं, साउन १९**

सोमबार शेयरबजार बढेको छ। यसअघि तीन करोबार दिनसम्म घटेको बजार सोमबार दोहोरो अंकले बढेर बन्द भएको हो। कारोबार मापक नेप्से परिसूचक १६.४६ अंकले बढेर २८७५.३६ विन्दुमा बन्द भएको छ। नेप्से बढेपनि करोबार रकम घटेको छ। कुल १० अर्ब ८२ करोड रुपैयाँ बराबरको दुई करोड ७१ लाख ६९ हजार सात सय ५५ कित्ता सेयर किनबेच भएको छ। यसअघिका दिनमा यो भन्दा धेरै कारोबार हुने गरेको थियो।



कारोबार भएका २५० कम्पनीमध्ये एक सय ४० वटाको शेयरमूल्य बढेको छ भने ११० वटाको घटेको छ। सूचीकृत १३ समूहमध्ये ६ वटा समूह घटेका छन्। ७ वटा समूह बढेका छन्। विकास बैंक, फाइनानस, होटल तथा पर्यटन, उत्पादन तथा प्रशोधन, निर्जीवन बीमा र अन्य समूह घटेका छन्। वाणिज्य बैंकहरुको समूह 'बैंकिङ', जलविद्युत, लगानी, जीवन बिमा, लघुवित्त, ब्यापार र म्युचुअल फण्ड समूह बढेका छन्। सबैभन्दा धेरै ब्यापार समूह २.८९ प्रतिशत बढेको छ। त्यसपछि बैंकिङ समूह १.६६ प्रतिशत बढेको छ।

यसअघि, लगातार १२ कारोबार दिन सकारात्मक सर्किट लागेको ट्रेड टावरको शेयरमूल्यमा सोमबार नकारात्मक सर्किट लाग्यो। सोमबार सबैभन्दा धेरै श्री स्टार हाइड्रोपावरको सेयरमूल्य ६.८९ प्रतिशत बढेको छ।

हिमालयन रिइन्स्योरेन्सको सेयर कारोबार सबैभन्दा धेरै ५५ करोड ९६ लाख रुपैयाँ बरबारको भएको छ। यसदिन लगानीकर्ताको सम्पत्ति २७ अर्ब रुपैयाँ बढेको छ। बजार पुँजीकरण ४७ खर्ब ९९ अर्ब रुपैयाँ कायम भएको छ। साधारण शेयरतर्फको बजार पुँजीकरण पनि नौ अर्ब रुपैयाँ बढेर १६ खर्ब २९ अर्ब रुपैयाँ कायम भएको छ।

चालू आर्थिक वर्षका लागि नेपाल राष्ट्र बैंकले मौद्रिक नीति सार्वजनिक गरेपछि सेयरबजार दुई सातामा २९७ अंकले बढेको थियो। छोटो समयमा उच्च अंकले बजार बढेपछि लगानीकर्ताले गत साता बुधबारदेखि शेयर बेच्न सुरु गरेका थिए। जसको असरले बजारमा बिक्रीचाप बढ्न गई दबाब परेको थियो। तीन कारोबार दिनमा नेप्से १४३ अंकले घटेको थियो। तर, आइतबार बजारले रङ परिवर्तन गर्दै हरियो बनेको हो।

# चल्दैनन् उपत्यकाका दुई दर्जन ट्राफिक बत्ती

**काठमाडौं, (संवाददाता)**– काठमाडौं उपत्यकाको सवारी साधनको चाप नियन्त्रण गर्न मुख्य चोकहरूमा निर्माण भएका दुई दर्जन बढी ट्राफिक बत्ती बिग्रिएका छन्। सडक विभाग, निजी क्षेत्र तथा दातृ निकायको सहयोगमा बनेका ट्राफिक बत्ती बल्न छोडेका हुन्।

विभिन्न समस्याले उपत्यकाका केही स्थानमा जडान भएका ट्राफिक बत्ती बिग्रिएको सडक विभागका सिनियर डिभिजनल इन्जिनियर राकेश महर्जनले बताएका छन्। उनका अनुसार उपत्यकामा सञ्चालनमा रहेका ६६ मध्ये २४ वटा चोकका ट्राफिक बत्ती बन्द अवस्थामा छन्। 'सञ्चालनमा रहेका ४८ वटा ट्राफिक बत्ती सडक विभागले लगानी गरेर जडान गरेको हो,' उनले भने, 'यी मध्ये ३९ वटा मात्रै अहिले चालू अवस्थामा छन् र ९ वटा बन्द भएका छन्।'

निजी क्षेत्रले जडान गरेका १९ वटा मध्ये १७ स्थानका ट्राफिक बत्ती बल्न छोडेको पनि उनले बताए। अहिले निजी क्षेत्रले जडान गरेका २ वटा ट्राफिक बत्ती मात्रै चालू अवस्थामा छन्। सडक विभागलाई ट्राफिक बत्ती बिग्रएकोबारे सबै जानकारी भएपनि खरिद प्रक्रियामा जानु पर्ने कारणले तत्कालै नयाँ जडान गर्न नसकिएको महर्जनले बताए।

'एउटा बत्ती बिग्रँदा पनि खरिद प्रक्रियाबाट जानुपर्ने प्रावधान छ। जसले गर्दा भन्नेबित्तिकै नयाँ बत्ती जडान गर्न सकिँदैन। विभागले सबै प्रक्रिया पुऱ्याएर काम गर्दै जानेछ,' उनले भने। निजी क्षेत्रले जडान गरेका बत्ती पनि अब विभागले नै मर्मत संभार गर्ने छ।


ठूलो लगानी गरेर जडान गरिएका ट्राफिक बत्ती बिग्रँदा सवारी आवागमन अस्तव्यस्त हुने गरेको छ भने मुख्य चोकहरूमा ठूलो संख्यामा ट्राफिक प्रहरी परिचालन गर्नुपर्ने बाध्यात्मक अवस्था छ।

# एनएमबि बैंकद्वारा सोलार वितरण

**काठमाडौं, (संवाददाता)** – एनएमबि बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गण्डकी प्रदेशस्थित मानवसेवा आश्रमलाई सोलार उपकरण उपलब्ध गराएको छ। बैंकले आश्रमलाई एक हजार लिटर क्षमताको पानी तताउने सोलार प्रणालीसहित सोलार प्यानल प्रदान गरेको हो।

पोखरामा एक कार्यक्रम आयोजना गरी बैंकले सोलार सामग्री हस्तान्तरण गरेको हो। सो अवसरमा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री कुमार खड्का, बैंकका प्रमुख कार्यकारी अधिकृत सुबोध ज्ञवाली, संस्थापक शेयरधनीहरू र विभिन्न शाखा प्रमुखहरूको पनि उपस्थिति थियो।

कार्यक्रममा मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले सोलार सामग्री सहयोगप्रति आभार व्यक्त गर्दै यसले आश्रमको ऊर्जा आवश्यकतामा ठूलो सहयोग पुग्ने बताए।










# टम हल्याण्ड फेरि 'स्पाइडर-म्यान'



लोकप्रिय अभिनेता टम हल्याण्ड पुनः 'स्पाइडर-म्यान'का रुपमा देखिने भएका छन्। उनको चौथो फिल्म 'स्पाइडर-म्यानः ब्रान्ड न्यू डे'मा उनी अनुबन्धित भएका छन्। कोभिड महामारीपछि स्पाइडर-म्यान शृंखलाका फिल्महरु बनिरहेका थिएनन् तर यो पछिल्लो फिल्मले पुरानो स्वाद पुनः ब्यूँताउने दाबी अभिनेता हल्याण्डले गरेका छन्। यसअघि कोभिडका कारण उनी अभिनित 'नो वे होम' पूरै स्टुडियोमा खिचिएको थियो। यसका कारण पनि फिल्मको पूरा स्वाद नपाएको आलोचना भइरहेका बेला नयाँ फिल्म भने वास्तविक लोकेशनहरुमा खिच्ने पुरानै स्वाद दिने उनले बताएका छन्। केही महत्त्वपूर्ण दृश्यहरु स्कटल्याण्डको ग्लास्गो शहरका गल्लीमा खिचिने छ। सन् २०१७ मा प्रदर्शन भएको स्पाइडरम्यानको 'होमकमिङ' निकै रुचाइएको थियो। पछिल्लो फिलम 'नो वे होम'ले विश्वभरि १.९ अर्ब अमेरिकी डलर आम्दानी गरेको थियो। कोभिडकालमा यही एउटा फिल्मले संसारभर ज्यादै कमाई गरेको थियो। सो फिल्ममा पुराना स्पाइडर-म्यानहरु टोबी म्याग्वायर र एण्ड्रयू गार्फिल्डलाई समेत दर्शकले हेर्न पाएका थिए।

नयाँ फिल्म 'ब्रान्ड न्यू डे' आउँदो वर्ष गर्मीयाममा प्रदर्शन गर्ने तयारी भइरहेको छ।

# शिव श्रेष्ठको वृक्षरोपण



तीजको दिन भव्य मेला लाग्ने ललितपुरको विशंखुनारायण मन्दिर परिसरमा नायक शिव श्रेष्ठले वृक्षरोपण गरेका छन्। समाजसेवाका लागि आफ्नै संस्था 'शिव श्रेष्ठ फाउन्डेशन'मार्फत उनले यो वृक्षरोपण गरेको बताएका छन्।

प्रायः वृक्षरोपण गर्दा वर्षायाममा गर्नु उपयुक्त हुने ठानेर मन्दिर परिसर र वर्षायाम रोजेको उनले बताए। मन्दिरले वृक्षरोपणका लागि स्थान उपलब्ध गराएका कारण आफूले विभिन्न जातका वृक्षहरु रोपेको बताए। उनले विरुवा उम्रन आवश्यक पर्ने हेरचाह कम गर्नुपर्ने भएकाले वर्षायाम रोजेको बताए। उनले यसअघि पनि विभिन्न मन्दिर परिसरमा वृक्षरोपण गरेको र त्यसको सकारात्मक परिणामलाई हेर्दै यहाँ पनि वृक्षारोपण गरेको बताए। विशंखुनारायण काठमाडौंका विशेष चार नारायण मन्दिरहरुमध्ये एक हो। यहाँ छेउमै भष्मासुरको डाँडो छ। भष्मासुर राक्षस भष्म भएपछि निर्माण भएको डाँडो नै भष्मासुर डाँडो हो। यसैको छेउमा महादेव लुकेको गुफा पनि निकै प्रचलित गुफा हो। यस्तो पवित्र ठाउँमा वृक्षरोपण गर्न पाउँदा आफूलाई खुशी लागेको नायक श्रेष्ठले बताए।





# प्रकाश सपूतको अर्को 'बदला'




नेपालमा दैनिक औसत सात जना महिला तथा बालिका बलात्कृत हुने गरेको ज्ञात तथ्यांक छ। अज्ञात त झन् कति होला! नेपाल प्रहरीको पछिल्लो तथ्यांकअनुसार पछिल्ला पाँच वर्षमा ११ हजार ९ सय ४९ जना महिला तथा बालिका जबरजस्ती करणीबाट प्रताडित भएका छन्। यस्ता घटना पाँच प्रतिशतले वृद्धि हुँदै गएको प्रहरीको तथ्यांक छ। यस पटकको तीजमा गायक प्रकाश सपूत, समीक्षा अधिकारी, एलिना चौहान र अभिनेत्री रेखा थापाको संयुक्त प्रयासले विष्फोटक तीज गीत बजारमा आएको छ।

गीतले भन्छ, 'ए हरामी दाइ, ए हरामी भाइ।' गीत अघि बढ्दै जाँदा प्रकाश सपूतका शब्दले भन्छन्, 'मेरो शरीर मेरै अधिकार।' स्वतन्त्र चरीजस्तैलाई थुन्न नखोज भन्ने सन्देश गीतमार्फत दिन खोजिएको छ। भिडियो निकै आकर्षक बनेका कारण दुई दिनभित्रै करीव पाँच लाख भ्यूज पाएको छ।

यसका सर्जक प्रकाश सपूत यसलाई तीजगीत भन्दा पनि अभियानका रुपमा बुझाउन चाहेको बताइरहेका छन्। उनका शब्दले भनेझैं 'मलाई बोल्नु छ, सुवास छर्नु छ, उडान भर्नु छ' यो गीतको अहिले नै उडान हुन भने बाँकी देखिएको छ।






National Distributor: Blue Corpotation Pvt. Ltd.
Showroom: Tinkune, Kathmandu | Tel No. 01-4543244 Mob. 970 5110021 / 22 | Email: sales@lsautonepal.com | Web: www.lsautonepal.com

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादक : तीर्थ कोइराला